ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः ३३६ ॥ बुधबार १३ जेठ २०८३ ॥ एकादशी ॥ ने.सं. ११४६ ॥ अनलाथ्व ॥ Wednseday 27 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/–

## बुटवल उवा संघको टोलीसँग छलफल

सन्देश संवाददाता

हेटौंडा/मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा बुटवल उद्योग वाणिज्य संघको भ्रमण टोलीसँग मंगलबार छलफल गरिएको छ । बुटवल उवा संघ अध्यक्ष हरिप्रसाद अर्यालको नेतृत्वमा हेटौंडा आएको १९ सदस्यीय टोलीसँग छलफल गरिएको हो ।

मकवानपुर उद्योग वाणिज्य संघका कार्यबाहक अध्यक्ष दीपक उप्रेतीको सभाध्यक्षतामा छलफल कार्यक्रम भएको थियो । कावा अध्यक्ष उप्रेतीले भ्रमण टोलीलाई स्वागत गर्दै मउवा संघको स्थापना, सदस्यता र संघका गतिविधिबारे बताएका थिए । बुटवल उवा संघ अध्यक्ष अर्यालले रुपन्देहीबाट पूर्वतर्फका देशका अग्रणी उवा संघहरु भ्रमणका लागि अघि बढेको, उवा संघहरुका असल अभ्यासहरु अनुकरणीय हुने, मकवानपुर उद्योग वाणिज्य संघको महिला उद्यमी विकास समितिको सक्रियता बुटवलका लागि प्रेरणा हुने, बुटवल उवा संघ शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा सक्रिय रहेको जस्ता विचार व्यक्त गरे । प्रतिमा श्रेष्ठ, कोषाध्यक्ष तेजराज अधिकारी, कार्यसमिति सदस्य तथा महिला उद्यमी विकास समिति सभापति सीतादेवी भेटवाललगायत बुटवल उवा संघका विभिन्न प्रतिनिधिले मन्तव्य राखेका थिए ।

# बागमतीमा एचआईभी संक्रमण घट्दो क्रममा

रुपक कालिराज



हेटौंडा/बागमती प्रदेशमा एचआईभी संक्रमण दर घट्दो क्रममा देखिए पनि नियन्त्रण र व्यवस्थापन अझै चुनौतीपूर्ण रहेको तथ्य सार्वजनिक भएको छ। संक्रमण नियन्त्रणका लागि विभिन्न कार्यक्रम सञ्चालन भइरहे पनि सामाजिक कलंक, ढिलो परीक्षण, उपचारमा निरन्तरता अभाव र दुर्गम क्षेत्रमा सेवा पहुँचको कमीले लक्ष्यप्राप्तिमा असर गरिरहेको सरोकारवालाहरुले बताएका छन्।

स्वास्थ्य निर्देशनालय हेटौंडाले सार्वजनिक गरेको तथ्यांकअनुसार नेपालमा हाल अनुमानित ३४ हजार ३ सय ३७ जना एचआईभी संक्रमित छन् भने वयस्क जनसंख्यामा संक्रमण दर ०.१३ प्रतिशत् छ। नेपालमा दैनिक औसत १.७ जना नयाँ व्यक्ति एचआईभीबाट संक्रमित हुने गरेका छन्। पछिल्ला वर्षहरुमा संक्रमण पुष्टि हुने संख्या घट्दो क्रममा देखिएको छ। बागमती प्रदेशमा आर्थिक वर्ष २०७९/०८० मा ८ सय ८३ जनामा संक्रमण पुष्टि भएकोमा आव २०८०/०८१ मा २ सय ८ मा झरेको थियो। चालु आर्थिक वर्षमा भने ७ सय २७ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य निर्देशनालयले जनाएको छ।

प्रदेशभर हाल १८ वटा एआरटी सेवाकेन्द्र, ६ वटा ओएसटी सेवाकेन्द्र तथा काठमाडौं र चितवनमा २ वटा भाइरल लोड परीक्षण केन्द्र सञ्चालनमा छन्। मकवानपुरमा पनि एक एआरटी केन्द्र र एक ईआईडी संकलन केन्द्र सञ्चालनमा छ। स्वास्थ्य निर्देशनालयका अनुसार प्रदेशमा ९५-९५-९५ लक्ष्य हासिल गर्ने अभियान जारी रहे पनि पहिलो र तेस्रो ९५ लक्ष्य अझै चुनौतीपूर्ण अवस्थामा छ। प्रदेशमा अनुमानित ८ हजार ३ सय २८ संक्रमितमध्ये ७ हजार १ सय ७४ जनाले मात्र आफ्नो स्वास्थ्य अवस्था थाहा पाएका छन्। संक्रमितमध्ये ७ हजार १ सय ४ जना उपचार सेवामा आबद्ध छन् भने ६ हजार ७० जनामा भाइरल लोड दबिएको अवस्था रहेको तथ्यांकमा उल्लेख छ।

आर्थिक वर्ष २०८१/०८२ मा पीएमटीसीटी (आमाबाट बच्चामा संक्रमण रोकथाम) सेवाअन्तर्गत् बागमती प्रदेशमा १ लाख १९ हजार ६ सय १७ जनालाई परामर्श सेवा प्रदान गरिएको थियो। तीमध्ये ९४ हजार ९ सय ९२ जनामा परीक्षण गर्दा १३ जनामा संक्रमण पुष्टि भएको निर्देशनालयले जनाएको छ। मकवानपुरमा ७ हजार ६ सय ९८ जनालाई परामर्श सेवा तथा ६ हजार ३७ जनामा परीक्षण गरिएको थियो। जिल्लामा दुई गर्भवतीमा संक्रमण पुष्टि भएको जनाइएको छ। एचटीसी सेवाअन्तर्गत् चालु आर्थिक वर्षमा बागमती प्रदेशभर २१ हजार २ सय २९ जनामा परीक्षण गर्दा ७ सय २७ जनामा संक्रमण पुष्टि भएको छ। मकवानपुरमा ९ हजार ५ सय ५९ जनामा परीक्षण गर्दा गर्भवतीसहित ४० जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य निर्देशनालयले जनाएको छ।

स्वास्थ्य निर्देशनालय बागमती प्रदेशको आयोजना तथा एएचएफ नेपालको सहयोगमा हेटौंडामा सञ्चार कर्मीका लागि एचआईभीसम्बन्धि अभिमुखीकरण कार्यक्रम भएको छ। स्वास्थ्य निर्देशनालयका निर्देशक डा. नरेन्द्रकुमार झाको सभाध्यक्षतामा आयोजित कार्यक्रममा मकवानपुरमा क्रियाशील सञ्चारकर्मीको सहभागिता थियो। कार्यक्रममा एएचएफ नेपालका वरिष्ठ कार्यक्रम संयोजक कृष्णहरि सापकोटाले एचआईभीसम्बन्धि विषयमा सञ्चार कर्मीहरुलाई जानकारी गराउँदै जिम्मेवार र संवेदनशील समाचार सम्प्रेषणको आवश्यकता औंल्याए। उनले जनचेतना अभिवृद्धि र प्रभावकारी पैरवीका लागि तथ्यमा आधारित तथा नैतिक समाचार सम्प्रेषण आवश्यक रहेको बताए।

उनका अनुसार एएचएफ विश्वकै ठूलो एचआईभी तथा एड्स स्वास्थ्य सेवा प्रदान गर्ने संस्था हो, जसले हाल ५० देशमा ३० लाखभन्दा बढी मानिसलाई सेवा प्रदान गरि–रहेको छ। नेपालमा सन् २००८ मा स्थापना भएको एएचएफ नेपालले सन् २००९ देखि शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमार्फत् राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रसँग सहकार्य गर्दै सेवा सुरु गरेको उनले जानकारी दिए।

'आर्थिक क्षमता नभएका व्यक्तिलाई समेत आधुनिक उपचार र सहयोग' भन्ने उद्वेश्यसहित संस्थाले एचआईभी संक्रमित व्यक्तिलाई लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको उनको भनाइ छ। कार्यक्रममा स्वास्थ्य निर्देशनालय बागमती प्रदेशका जनस्वास्थ्य प्रशासक सञ्जु राईले प्रदेशको एचआईभी अवस्थाबारे तथ्यांक प्रस्तुत गरे। उनका अनुसार बागमती प्रदेशमा करिब ७ हजार ४ सय मानिसमा एचआईभी संक्रमण पुष्टि भएको छ। तराईका सीमाक्षेत्र, काठमाडौं र पोखरा संक्रमणको उच्च जोखिममा रहेका क्षेत्रका रुपमा चिनिएका छन्।

हाल निर्देशनालयले लागुऔषध प्रयोगकर्ताका लागि प्रतिस्थापन उपचार सेवा तथा एचआईभी परीक्षण र परामर्श सेवा सञ्चालन गरिरहेको जनाएको छ। सन् २०२६ सम्ममा ९५-९५-९५ लक्ष्य हासिल गर्ने योजना रहे पनि हाल बागमती प्रदेशका ८६ प्रतिशत् संक्रमितले मात्र आफ्नो स्वास्थ्य अवस्था थाहा पाएका छन्। संक्रमितमध्ये ९७ प्रतिशत् नियमित उपचार सेवामा आबद्ध छन् भने उपचारमा रहेकामध्ये ८५ प्रतिशत्को शरीरमा संक्रमणाको असर नियन्त्रणमा आएको तथ्यांक प्रस्तुत गरिएको थियो। कार्यक्रममा पछिल्लो समय नयाँ संक्रमित फेला पर्ने क्रम जारी रहे पनि अघिल्ला वर्षहरुको तुलनामा संक्रमण दर घट्दो क्रममा रहेको जानकारी दिइएको थियो।

# चित्लाङ-थानकोट मार्ग ३० गतेसम्म बन्द

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-काठमाडौं जोड्ने छोटो दुरीको चित्लाङ-थानकोट मार्ग स्तरोन्नतिका क्रममा सवारी आवागमन बन्द गरिने भएको छ। चित्लाङ-थानकोट मार्ग (गणेशमान मार्ग) निर्माण सुधारका क्रममा जेठ १७ गतेदेखि ३० गतेसम्म सवारीसाधन आवागमन बन्द गरिने भएको हो।

निर्माण कम्पनीबाट सडक ढलान, कालोपत्र, टेवा पर्खाल निर्माणलगायत निर्माण कार्य गर्न सवारीसाधनको आवागमन बन्द गर्न लागिएको सडक डिभिजन काठमाडौंले जनाएको छ। थानकोट-चित्लाङ सडक निर्माण सुधार कार्यसञ्चालन भइरहेको र उक्त सडकखण्डको भौगोलिक अवस्थाका कारण निर्माणस्थल हुँदै सवा–रीसाधनहरु आवतजावत हुँदा निर्माण कार्यमा अवरोध पुग्ने र दुर्घटनाको जोखिमसमेत बढ्ने भएकाले सवारी आवागमन बन्द गरेर काम गर्न लागिएको सडक डिभिजन काठमाडौंका इञ्जिनियर पुरुषोत्तम भण्डारीले जानकारी दिए। उनका अनुसार कालोपत्र र ढलान गरी करिब साढे सात किमी सडकखण्डमा काम हुने छ।

टेवा पर्खाल निर्माण, कालोपत्र र ढलान हुने भागमध्ये मकवानपुर तर्फ करिब १९ सय मिटर र बाँकी काठमाडौंतर्फको खण्डमा काम हुने छ। निर्माण कम्पनीमार्फत् तीन/चार स्थानमा टेवा पर्खाल निर्माण र १ हजार २ सय मिटर ढलान गरिने छ। बिटुमिन हाल बजारमा अभाव रहेको र उपलब्ध भएमा कालोपत्र समेत गर्ने योजना रहेको उनले बताए। ढलान र कालोपत्रको कामको अर्को ठेक्का रहेकामा अलकत्रा अभावमा सुरु हुन नसकेको र ठेक्का सम्झौता अवधि आगामी मंसिरसम्म रहेकाले अलकत्रा उपलब्ध भएसँगै काम सुरु गरिने उनले बताए। सडक स्तरोन्न–तिका क्रममा काठमाडौंको पानीघट्टदेखि मकवानपुरको चित्लाङ बजारसम्मको सडकखण्ड पूर्णरुपमा बन्द हुने भएको छ।

उक्त अवधिमा सवारी आवागमनका लागि बैकल्पिक बाटो प्रयोग गर्ने गरी आवश्यक सहजीकरण गरिदिन थाहा नगरपालिका र चन्द्रगिरि नगरपालिकालाई सडक डिभिजन काठमाडौंले आग्रह गरेको छ।

# रिपिट लाग्दा द्रुतमार्गमा कामदारको मृत्यु



सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको भीमफेदी गाउँपालिका-८, महादेव टारस्थित काठमाडौं-तराई-मधेश द्रुतमार्गअन्तर्गत् सुरुङ निर्माणस्थलमा काम गर्ने क्रममा एक कामदारको मृत्यु भएको छ। अर्का एकजना घाइते भएका छन्।

सोमबार राति राति करिब ९:४५ बजे सुरुङभित्र काम गरि–रहेका बेला प्रयोग हुने रिपिट तथा (फलामबाट बनेको उपकरण) खसेर लाग्दा बर्दिया घर भएका ३० वर्षीय रामगोपाल चौधरी गम्भीर घाइते भएका थिए। थाहा नगरपालिका-५, सानोपाखा बस्ने २२ वर्षीय सन्तोष बम्जनको दाहिने हातमा सामान्य चोट लागेको प्रहरीले जनाएको छ।

दुवै घाइतेलाई उपचारका लागि चुरेहिल अस्पताल लगिएकोमा चौधरीको उपचार क्रममा राति ११:४० बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। घाइते बम्जनको सोही अस्पतालमा उपचार जारी छ। एक दोभासेको भनाइअनुसार चोट लागेको अवस्थामा दोभासे सिन्धुपाल्चोक जुगल गापा-३ बस्ने वर्ष ३० का बेनु परियारले उपचारका लागि सीएमसी चुरेहिल अस्पताल हेटौंडा ल्याएकोमा चौध–रीको मृत्यु भएको हो।

घटनाका सम्बन्धमा एकिन बुझ्न प्रनानि प्रमोदप्रसाद साहतेलीको टोलीले समन्वय गर्दै गरेको, दोभासेलाई अनुसन्धानका लागि जिप्रका मकवानपुरमा ल्याइएको छ। घटनाबारे जानकारी प्राप्त हुनासाथ प्रहरी टोली अनुसन्धानका लागि घटनास्थलतर्फ गएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। उक्त घटनास्थल इलाका प्रहरी कार्यालय ठिंगनबाट करिब ११ किलोमिटर उत्तर क्षेत्रमा पर्छ। प्रहरीका अनुसार मृतकको शव हेटौंडा अस्पताल ल्याइएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको छ।

# कुटपिटबाट पत्नीको मृत्यु



सन्देश संवाददाता

हेटौंडा/पतिको कुटपिटबाट पत्नीको मृत्यु भएको छ। मकवानपुरको मनहरी गाउँपालिका-३ घर भइ हाल हेटौंडा उपमहानगरपालिका-१, चौकीटोल तरकारी मण्डीस्थित डेरामा बस्दै आएका ४५ वर्षीय रामलाल ब्लोनले ४२ वर्षीया पत्नी ओमकुमारी भुजेललाई कुटपिट गर्दा मृत्यु भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार मंगलबार विहान करिब १०:३० बजे पतिले पत्नीमाथि कुटपिट गरी गम्भीर घाइते बनाएको सूचना प्राप्त भएपछि प्रहरी टोली घटनास्थल पुगेको थियो। गम्भीर अवस्थामा रहेकी ओमकुमा–रीलाई उद्धार गरी उपचारका लागि हेटौंडा अस्पताल लगिएकोमा विहान ११ बजे चिकित्सकले मृतघोषणा गरेका थिए। प्रहरीका अनुसार मृतकको मुख, दुवै हातखुट्टा तथा ढाडमा निलडाम चोट देखिएको छ। घटनामा संलग्न ब्लोनलाई प्रहरीले नियन्त्रणमा लिइ जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखेर थप अनुसन्धान अघि बढाएको जनाएको छ।






**उखान:** मासिने बेलामा कमिलाको प्वाँख आउँछ।

**॥ ॥ बेलाको बोली ॥ ॥**

एउटा उत्कृष्ट कुरा सिंहबाट सिक्न सकिन्छ, जो व्यक्ति जे पनि गर्न चाहन्छ, त्यसलाई मनबाटै र जोडदार प्रयासका साथ गर।

*-चाणक्य*

## सम्पादकीय

# "लू" बाट बचौं

*पश्चिम तराईमा केही दिनयता अत्यधिक गर्मी बढेको छ । यतिबेला खासगरी मुलुकको तराई भेगमा तातो हावा (लू) का कारण जनजीवन प्रभावित बनेको छ । तातो हावा र उच्च तापक्रमका कारण बजारको चहलपहल, सर्वसाधारण नागरिकको हिंडडुल र दैनिक मजदुरी गर्ने विपन्न वर्गलाई अत्यधिक असर परेको छ । तराईका कतिपय जिल्लाका विद्यालयहरू बन्द गर्नुपर्ने अवस्था देखिएको छ । यो गर्मीमा स-साना बालबालिका, ज्येष्ठ नागरिक, दीर्घरोगीहरू तथा उच्च रक्तचापका बिरामीहरूलाई बढी सतर्कता अपनाउन स्वास्थ्यविज्ञहरूले सुझाव दिँदै आएका छन् । स्वास्थ्यकर्मीहरूले बिहान ११ बजेदेखि दिउँसो ४ बजेसम्म बाहिर ननिस्कन र निस्कनै परे उच्च सावधानी अपनाउन आग्रह गरिरहेका सन्देश सामाजिक सञ्जालमार्फत् पनि प्रवाह भइरहेका छन् ।*

*अत्यधिक गर्मीमा वायुमण्डलले तातो हावा फ्याँक्छ । जसले लू लाग्न सक्छ । लू लाग्दा शरीरबाट पसिना धेरै निस्केर पानी कम हुन गई अंगहरूले तापक्रमलाई व्यवस्थित राख्न नसकी उत्पन्न हुने समस्या देखा पर्छन् । यसका अतिरिक्त बढ्दो गर्मीसँगै खाना विषाक्तता, हैजा, टाइफाइड, झाडापखाला, भाइरल फ्लू, पेटको दुखाइ, रुघाखोकी, वान्ता हुने, जण्डिस, हेपाटाइटिस ए, आँखा सुक्खा हुने, चिलाउने, धागो जस्ता चिरा आउने, एलर्जिक कन्जुटाइभाइटिस तथा आँखाको संक्रमणका बिरामीहरू बढ्दै गएका छन् ।*

*वनजंगल विनाश, जैविक इन्धनको थेग्नै नसकिने उपभोग आदिका कारण वातावरणमा हरितगृह ग्याँसको मात्रा वर्सेनि बढ्दो छ । 'स्टेट अफ द ग्लोबल क्लाइमेट स्टडी' को प्रतिवेदनअनुसार हरितगृह ग्याँस वृद्धिकै कारण पछिल्ला वर्षमा हालसम्मकै सबैभन्दा बढी गर्मी वर्ष भएका छन् । यो जलवायु परिवर्तनको विषय अहिले विश्वमै चुनौतीको विषयका रूपमा देखिएको छ । वर्षेनी गर्मी बढ्दै जानुमा जलवायु परिवर्तनसम्म जोडिएको भए पनि त्यसबाट जोगिन हामीले हाम्रो ठाउँबाट उच्च सतर्कता अपनाउनुको विकल्प छैन । यो गर्मीमा लू लाग्नबाट जोगिन सचेत रहने प्रयास गर्नु आवश्यक छ ।*

**मकवानपुरमा आज**

१: हेटौंडा-४ नं. वडा कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समिति, हेटौंडा-४ को व्यवस्थापनमा "प्रविधिमैत्री गुणस्तरीय शिक्षाको लागि लगानी अभिवृद्धि गरौं" भन्ने उद्देश्यका साथ बृहत् शैक्षिक महोत्सव-२०८३ कार्यक्रम रोयल पार्टी प्यालेसमा ।

२: हात्तीगौडा आधारभूत स्वास्थ्य केन्द्र, हेटौंडा-१२ मा सञ्चालन हुन गईरहेको नि:शुल्क स्वास्थ्य शिविर तथा दीर्घरोगीहरूलाई औषधि वितरण कार्यक्रम बिहान ८:०० बजे ।

## तपाईंको आज

**मेष** – प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोऱ्याउनुपर्ने हुन सक्दछ शरीरमा आलस्यता अनुभूतिको साथै जोश-जाँगरमा कमी आउनेछ।

**बृष** – मध्याह्नदेखि स्थितिमा सुधार आउनाले नयाँ काम गर्ने अवसर जुट्नेछ । तर, अवरोध गर्नेहरूले वा क्षेत्रको नेतृत्व हातलागी हुनेछ।

**मिथुन** – काम गर्न बिहानको समय अनुकूल छ । व्यापारमा लाभ हुनेछ । प्रेम वा मित्रताको बन्धन कसिनेछ । जनको साथले उत्साह जगाउनेछ ।

**कर्कट** – मध्याह्नदेखि भने सानातिना समस्यामै अल्झनुपर्ने देखिन्छ । रहनाले काम रोकिन सक्छ । श्रम परे पनि कामको मूल्यांकन नहुन सक्छ।

**सिंह** – योजनाहरु तत्काल सार्वजनिक नगर्नुहोला । आवश्यकता बढ्नाले अर्थ पर्न सक्छ। लाभका लागि साइनो गाँस्नेहरूबाट सावधान रहनुहोला ।

**कन्या** – पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ । प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन

**तुला** – स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। मिहिनेतले प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ। सजिलै सम्पादन हुन सक्छ।

**बृश्चिक** – मध्याह्नदेखि घुमफिर तथा मनो–रञ्जनमा समय बित्नेछ । आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ । प्रेम र मित्रताको बन्धन कसिने समय छ

**धनु** – प्रतीक्षा गरिएको नतिजा सकारात्मक आउनेछ । बाधा हट्नेछन् र नयाँ कामतर्फ आकर्षित भइनेछ। काममा कमजोरीमा सुधार आउनेछ।

**मकर** – प्रतिस्पर्धी परास्त हुनेछन्। आम्दानी बढाउन सकिनेछ । आफ्नो क्षेत्रमा अधिकार जमाउन सफल भइनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ।

**कुम्भ** – शुभचिन्तकहरूको सुझाव नमान्दा दु:ख पाइनेछ । बन्धु-बान्धवबीच कमी आउन सक्नेछ । अप्ठ्यारा परिस्थिति सुल्झाउन जुट्नु पर्नेछ।

**मिन** – अवसर प्राप्त भए पनि परिस्थितिवश काममा बाधा होला। बेसुरको निर्णयले समस्या निम्त्याउनेछ । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ।

**हाम्रो सम्पर्क ठेगाना**

हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# सार्वजनिक शिक्षामा 'उथलपुथल' सम्भव



✍विष्णु बेल्वासे

नेपालमा सार्वजनिक शिक्षाको विकासका लागि राज्यले दशकौंदेखि ठूलो लगानी गर्दै आएको छ । शिक्षा हरेक राजनीतिक दलको घोषणापत्र, नीति तथा चुनावी एजेण्डाको प्रमुख विषय बन्ने गरेको पनि धेरै भइसकेको छ । अझ नेपालको संविधान २०७२ को धारा ३१ ले शिक्षासम्बन्धि हकलाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । जसमा सबै नागरिकका लागि आधारभूत तहसम्मको शिक्षा नि:शुल्क तथा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुने व्यवस्था गरिएको छ । नेपालभर हाल करिब २६ हजारभन्दा बढी सामुदायिक विद्यालयहरु छन् । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पछिल्लो तथ्यांक अनुसार कुल विद्यालयमध्ये झण्डै ७४ प्रतिशत सामुदायिक विद्यालय हुन् ।

यिनमा अध्ययन गर्ने विद्यार्थी संख्या करिब ४६ लाखभन्दा बढी रहेका छन् भने करिब १ लाख ८८ हजार शिक्षक-शिक्षिका कार्यरत छन् । विद्यालय पहुँच विस्तार, साक्षरता वृद्धि तथा भर्ना दरमा उल्लेखनीय सुधार भएको छ । तर, यति ठूलो नीतिगत प्रतिबद्धता, बजेट र संरचनात्मक सुधार हुँदाहुँदै पनि सार्वजनिक शिक्षाले अपेक्षित गुणस्तर हासिल गर्न सकेको छैन । एसईई परीक्षाको पछिल्ला १० वर्षको औसत नतिजा हेर्दा अवस्था सन्तोषजनक देखिदैन । एनजीपीए प्रणाली लागु भएपछि केही सुधार देखिए पनि औसतरूपमा करिब ४०-५० प्रतिशत विद्यार्थी मात्र सन्तोषजनक श्रेणीमा उत्तीर्ण हुने गरेका छन् भने ठूलो संख्या अझै न्यून उपलब्धिमा सीमित छ । निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयको नतिजा कमजोर देखिने प्रवृत्ति अझै कायम छ ।

लगानीतर्फ हेर्दा नेपाल सरकारले पछिल्लो दशकमा शिक्षा क्षेत्रमा निरन्तर बजेट वृद्धि गर्दै आएको छ । १० वर्षअघि शिक्षा बजेट करिब ९८ अर्ब रुपैयाँ आसपास रहेकोमा अहिले यो २ खर्ब रुपैयाँभन्दा माथि पुगेको छ । पछिल्ला १० वर्षको औसत शिक्षा बजेट करिब १.५ खर्ब रुपैयाँ हाराहारीमा रहेको अनुमान छ । तर शिक्षा बजेटको आकार बढे पनि राष्ट्रिय बजेटको अनुपातमा यसको हिस्सा अझै कमजोर छ । नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा जीडीपीको करिब ५ प्रतिशत वा कुल बजेटको करिब २० प्रतिशत शिक्षा क्षेत्रमा छुट्याउने प्रतिबद्धता जनाएको भए पनि त्यो लक्ष्य व्यवहारमा पूरा हुन सकेको छैन । यसले स्पष्ट देखाउँछ कि शिक्षा प्राथमिकतामा छ भन्ने राजनीतिक भाषण र वास्तविक बजेट प्राथमिकताबीच ठूलो अन्तर छ । लगानीबिना प्रतिफल आउँदैन भन्ने तथ्य यहाँ अझ गम्भीररूपमा लागु हुन्छ । पर्याप्त लगानी, सक्षम शिक्षक र आवश्यक पूर्वाधार बिना शिक्षा सुधार सम्भव छैन ।

तीन तहको सरकार गठनपछि शिक्षा क्षेत्रमा लगानी उल्लेखनीयरूपमा बढेको छ । विद्यालय भवन, कम्प्युटर ल्याब, खानेपानी, शौचालय, घेराबार, दिवा खाजा तथा अन्य भौतिक पूर्वाधारमा धेरै सुधार भएका छन् । धेरै स्थानीय तहहरूले अतिरिक्त शिक्षक भर्ना, छात्रवृत्ति तथा प्राविधिक शिक्षामा समेत बजेट बढाएका छन् । तर यति धेरै लगानी र संरचनात्मक विस्तार हुँदाहुँदै पनि अपेक्षित शैक्षिक गुणस्तर हासिल हुन सकेको छैन । यसको मुख्य कारण शिक्षामा दीर्घकालीन नीति र प्रभावकारी कार्यान्वयनबीचको दूरी हो । शिक्षक व्यवस्थापन, नियमित अनुगमन, सिकाइको गुणस्तर मूल्यांकन, विद्यार्थीको आधारभूत क्षमता विकास तथा उत्तरदायित्व प्रणाली कमजोर हुँदा भौतिक विकासले मात्र शैक्षिक उपलब्धि बढाउन सकेको छैन । अझै पनि धेरै विद्यालयमा राजनीतिक प्रभाव, शिक्षक अभाव, कमजोर सिकाइ वातावरण र अभिभावकको घट्दो विश्वासजस्ता समस्या कायम छन् । त्यसैले अहिलेको सबैभन्दा ठूलो प्रश्न भवन बनेको छ कि छैन भन्ने होइन, विद्यालयले कस्तो विद्यार्थी उत्पादन गरिरहेको छ भन्ने हो ।

वर्तमान अवस्थामा नेपाल जीवनस्तर सर्वेक्षण २०२२/२३ अनुसार साक्षरता दर ७७.४ प्रतिशत पुगेको छ भने राष्ट्रिय जनगणना २०७८ अनुसार यो ७६.२ प्रतिशत रहेको छ । विद्यालय पहुँच देशका अधिकांश स्थानीय तहसम्म पुगेको छ । तर तथ्यांकले मात्र शिक्षाको वास्तविक अवस्था देखाउँदैन, विद्यालयमा भर्ना हुनु र गुणस्तरीय शिक्षा प्राप्त गर्नु फरक विषय हुन् । धेरै सामुदायिक विद्यालयमा अझै पर्याप्त भवन, प्रयोगशाला, पुस्तकालय, खानेपानी, शौचालय, इन्टरनेट तथा प्रविधिमैत्री शिक्षणको अभाव छ । विशेष गरी ग्रामीण तथा दुर्गम क्षेत्रमा विषयगत शिक्षकको कमी, शिक्षक दरबन्दी असन्तुलन, कमजोर अनुगमन तथा न्यून सिकाइ वातावरण गम्भीर चुनौती बनेका छन् ।

पछिल्ला वर्षहरूमा निजी विद्यालयतर्फ विद्यार्थी आकर्षण तीव्र रूपमा बढेको छ । यसको प्रत्यक्ष असर सार्वजनिक विद्यालयमा परेको छ । धेरै सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घटिरहेको छ भने कतिपय विद्यालय गाभिने वा बन्द हुने अवस्थामा पुगेका छन् । शहरी क्षेत्रमा सार्वजनिक शिक्षाप्रतिको विश्वास कमजोर बन्दै गएको छ । अभिभावकहरू सरकारी विद्यालयलाई 'अन्तिम विकल्प' का रूपमा हेर्न थालेका छन् । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा राष्ट्रिय शिक्षा नीति २०७६ ले शिक्षा क्षेत्रलाई संघ, प्रदेश र स्थानीय तहको साझा जिम्मेवारीका रूपमा परिभाषित गरेका छन् । संघीय सरकारले नीति, कानुन, मापदण्ड तथा पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी बहन गर्दछ भने प्रदेश सरकारले समन्वय, योजना निर्माण र गुणस्तर सुधारमा भूमिका निर्वाह गर्दछ । स्थानीय सरकारले विद्यालय सञ्चालन, शिक्षक व्यवस्थापन तथा दैनिक प्रशासनिक कार्यहरूको जिम्मेवारी सम्हाल्छ । संघीयता लागु भएपछि स्थानीय तहलाई विद्यालय व्यवस्थापनको अधिकार दिइएको छ । यसले दिवा खाजा, स्मार्ट कक्षा, अंग्रेजी माध्यम, प्रारम्भिक बालशिक्षा तथा छात्रवृत्ति जस्ता क्षेत्रमा सकारात्मक अभ्यासहरू देखिएका छन् । तर स्थानीय तहको क्षमता, शिक्षा बुझाइ र कार्यान्वयन दक्षतामा रहेको असमानताले परिणाम पनि फरक देखिएको छ । अबको आवश्यकता स्थानीय तहलाई अझ बढी अधिकार र स्रोतसहित सक्षम बनाउनु हो ।

शिक्षा यस्तो क्षेत्र हो जहाँ नीति, स्रोत, दक्ष जनशक्ति, अभिभावक सहभागिता, विज्ञहरूको सुझाव र समुदायको विश्वास एकैसाथ आवश्यक पर्छ । त्यसैले स्थानीय तह, शिक्षक, अभिभावक, शिक्षा विज्ञ तथा सरोकारवालाबीच नियमित छलफल र साझा मूल्यांकन आवश्यक छ । तर, अब सुधारको केन्द्र स्थानीय तहलाई अझ सशक्त बनाउनु, स्रोत परिचालनको अधिकार दिनु र विद्यालय व्यवस्थापनमा उनीहरूको निर्णायक भूमिका सुनिश्चित गर्नु हो । नेपालको सार्वजनिक शिक्षामा वास्तविक 'उथलपुथल' ल्याउन सामान्य सुधार मात्र पर्याप्त हुँदैन । शिक्षा प्रणालीको सोच, संरचना र कार्यशैलीमै परिवर्तन आवश्यक छ ।

धेरै विद्यालयमा अझै पनि रटानमुखी शिक्षण, राजनीतिक प्रभाव, कमजोर अनुगमन र प्रमाणपत्रमुखी संस्कृतिको प्रभुत्व छ । विद्यार्थीले व्यवहारिक सीप, समस्या समाधान क्षमता, सिर्जनशीलता र रोजगारसँग जोडिएको ज्ञान पर्याप्त रूपमा प्राप्त गर्न सकेका छैनन् । पछिल्ला एसईई नतिजाले पनि आधारभूत सिकाइमा कमजोरी देखाएको छ । प्रमुख कारणहरूमा दक्ष शिक्षकको अभाव र तालिमको कमी, कमजोर अनुगमन प्रणाली, डिजिटल पहुँचमा असमानता, घरायसी र सामाजिक वातावरण, परीक्षा केन्द्रित शिक्षण प्रणाली तथा राजनीतिक हस्तक्षेप र नातावाद प्रमुख छन् ।

शिक्षक नियुक्ति, सरुवा, बढुवा तथा विद्यालय व्यवस्थापन समितिमा हुने राजनीतिक हस्तक्षेपले शैक्षिक गुणस्तर कमजोर बनाएको छ । योग्यताभन्दा पहुँच र राजनीतिक निकटतालाई प्राथमिकता दिने प्रवृत्तिले सार्वजनिक शिक्षामाथिको विश्वास घटाएको छ । शिक्षालाई प्राथमिकतामा राखिएको भनिए पनि व्यवस्थापकीय क्षमता कमजोर हुँदा धेरै स्थानीय तहको लगानी अपेक्षित नतिजामा रूपान्तरण हुन सकेको छैन । लुम्बिनी प्रदेशलाई 'पूर्ण साक्षर प्रदेश' घोषणा गरिएको छ भने एसईई उत्तीर्ण दरमा पनि सुधार देखिएको छ । तर शिक्षक अभाव, पूर्वाधारको कमजोरी र ग्रामीण-शहरी असमानता अझै कायम छ । दाङको राप्ती गाउँपालिकामा पनि मिश्रित अवस्था देखिन्छ । केही विद्यालयमा सुधार भए पनि धेरै ठाउँमा शिक्षक अभाव, कमजोर संरचना र सीमित डिजिटल पहुँच चुनौतीका रूपमा छन् । यसपटकको एसईई नतिजामा संस्थागत विद्यालयको ५८ प्रतिशत र सामुदायिक विद्यालयको ३८ प्रतिशत नतिजा गम्भीर चिन्ताको विषय हो, जसले हाम्रो शिक्षा प्रणालीको वास्तविक अवस्था देखाउँछ ।

सार्वजनिक शिक्षा सुधारका लागि बहुआयामिक प्रयास आवश्यक छ । शिक्षक नियुक्ति, सरुवा र मूल्यांकन पूर्णरूपमा योग्यता र कार्यसम्पादनमा आधारित बनाउनु, शिक्षा क्षेत्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु, विद्यालयलाई व्यवहारिक, सीपमुखी र रोजगारसँग जोड्नु, डिजिटल कक्षा र प्रविधिमैत्री शिक्षण विस्तार गर्नु, स्थानीय पाठ्यक्रम विकास गर्नु, पारदर्शिता र कडा अनुगमन प्रणाली लागु गर्नु तथा छात्रवृत्ति, पोषण र सहुलियत कार्यक्रम प्रभावकारी बनाउनु अहिलेको मुख्य आवश्यकता हो । अहिले नेपालको सार्वजनिक शिक्षाको सबैभन्दा ठूलो संकट विद्यालय संख्या होइन, सिकाइको गुणस्तर र अभिभावकको घट्दो विश्वास हो । विद्यालयमा विद्यार्थी उपस्थित हुनु मात्र पर्याप्त होइन, उनीहरूले आधारभूत पढाइ, लेखाइ र गुणनात्मक सीप कति सिकिरहेका छन् भन्ने प्रश्न अझ महत्वपूर्ण बनेको छ ।

शिक्षामा गरिएको लगानीको वास्तविक मूल्यांकन भवन र बजेटले होइन, दक्ष, सिर्जनशील र जिम्मेवार नागरिक उत्पादनले निर्धारण गर्छ । संघीय संरचनाले स्थानीय तहलाई अवसर दिएको छ, तर क्षमता र उत्तरदायित्वमा रहेको असमानताले शिक्षा सुधारको परिणाम पनि फरक देखिएको छ । नेपालमा शिक्षा पहुँच र साक्षरताका दृष्टिले अघि बढे पनि गुणस्तरको संकट गहिरिदै गएको छ । यदि समयमै सुधार गर्न सकिएन भने सामाजिक असमानता अझ बढ्ने, निजी शिक्षाप्रतिको निर्भरता बढ्ने र ग्रामीण समुदाय थप पछि पर्ने जोखिम रहन्छ । त्यसैले शिक्षा केवल नीति वा संरचनाको विषय होइन, यो राष्ट्र निर्माणको आधार हो र यसलाई दीर्घकालीन राष्ट्रिय परियोजनाका रूपमा लिनु आजको आवश्यकता हो ।

साभार : नयां युगबोध दैनिक

---

# 'निजी क्षेत्रको विश्वास जित्ने बजेट चाहियो'



✍आनन्द बगरीया



नेपालको अर्थतन्त्र अहिले सुस्त गतिमा चलिरहेको छ । पछिल्लो केही वर्षयता घट्दो निजी लगानी, निर्माण क्षेत्रको मन्दी, वित्तीय प्रणालीमा रहेको अनिश्चितता र उपभोक्ता आत्मविश्वासमा आएको कमीजस्ता बहुआयामिक चुनौतीबीच आगामी आर्थिक वर्षको बजेट प्रतीक्षामा छ । यस्तो अवस्थामा आगामी बजेट केवल राजस्व संकलन र खर्च व्यवस्थापनको दस्तावेज मात्रै नभई निजी क्षेत्र, लगानीकर्ता र आमनागरिकलाई विश्वास दिलाउने आर्थिक तथा नीतिगत मार्गचित्र बन्न आवश्यक छ । विशेषत: निजी क्षेत्रले सरकारबाट सबभन्दा पहिले सुशासन अनुभूति खोजिरहेको छ ।

पछिल्लो समय भ्रष्टाचार नियन्त्रणको नाममा भएका केही कारबाहीले सकारात्मक सन्देश दिए पनि व्यावसायिक समुदायमा त्रास र अन्योल बढाएको देखिन्छ । त्यसैले आगामी बजेटले सुशासनलाई केवल नियन्त्रण र दण्डको विषयका रुपमा नभई सेवा प्रवाह सुधार, प्रशासनिक पारदर्शिता, छिटो निर्णय प्रक्रिया र व्यवसायमैत्री सरकारी संयन्त्र निर्माणसँग जोड्नुपर्छ। व्यवसायीले सरकारी कार्यालय धाउँदा सहज अनुभव गर्ने, अनुमति र स्वीकृति प्रक्रियामा अनावश्यक ढिलाइ नहुने तथा नीतिगत निर्णय स्पष्ट र पारदर्शी हुने वातावरण सिर्जना गर्नु अहिलेको प्रमुख आवश्यकता हो। नेपालको अर्थतन्त्र अहिले सुस्त गतिमा चलिरहेको छ । पछिल्लो केही वर्षयता घट्दो निजी लगानी, निर्माण क्षेत्रको मन्दी, वित्तीय प्रणालीमा रहेको अनिश्चितता र उपभोक्ता आत्मविश्वासमा आएको कमीजस्ता बहुआयामिक चुनौतीबीच आगामी आर्थिक वर्षको बजेट प्रतीक्षामा छ। यस्तो अवस्थामा आगामी बजेट केवल राजस्व संकलन र खर्च व्यवस्थापनको दस्तावेज मात्रै नभई निजी क्षेत्र, लगानीकर्ता र आमनागरिकलाई विश्वास दिलाउने आर्थिक तथा नीतिगत मार्गचित्र बन्न आवश्यक छ। विशेषत: निजी क्षेत्रले सरकारबाट सबभन्दा पहिले सुशासन अनुभूति खोजिरहेको छ ।

पछिल्लो समय भ्रष्टाचार नियन्त्रणको नाममा भएका केही कारबाहीले सकारात्मक सन्देश दिए पनि व्यावसायिक समुदायमा त्रास र अन्योल बढाएको देखिन्छ । त्यसैले आगामी बजेटले सुशासनलाई केवल नियन्त्रण र दण्डको विषयका रुपमा नभई सेवा प्रवाह सुधार, प्रशासनिक पारदर्शिता, छिटो निर्णय प्रक्रिया र व्यवसायमैत्री सरकारी संयन्त्र निर्माणसँग जोड्नुपर्छ। व्यवसायीले सरकारी कार्यालय धाउँदा सहज अनुभव गर्ने, अनुमति र स्वीकृति प्रक्रियामा अनावश्यक ढिलाइ नहुने तथा नीतिगत निर्णय स्पष्ट र पारदर्शी हुने वातावरण सिर्जना गर्नु अहिलेको प्रमुख आवश्यकता हो। कतिपय अवस्थामा कच्चा पदार्थभन्दा तयारी वस्तुमा कम भन्सार दर हुँदा स्वदेशी उद्योग नै प्रभावित भएका छन् । यससँगै निजी क्षेत्रको अर्को मुख्य अपेक्षा नीतिगत स्थायित्व हो । नेपालमा हरेक वर्ष बजेटसँगै कर, भन्सार, आयात नीति वा विभिन्न क्षेत्रगत व्यवस्थामा ठूलो परिवर्तन हुने अभ्यासले लगानीकर्तामा अनिश्चितता बढाएको छ । उद्योग स्थापना वा दीर्घकालीन लगानी पाँच वा दस वर्षको दृष्टिकोणमा गरिन्छ, तर नीतिहरू हरेक वर्ष परिवर्तन हुँदा लगानी वातावरण कमजोर बन्छ । त्यसैले आगामी बजेटले कम्तीमा पाँच वर्षसम्म स्थिर रहने उद्योग, कर र लगानी नीतिको स्पष्ट खाका प्रस्तुत गर्न आवश्यक छ। विदेशी लगानी आकर्षित गर्न र स्वदेशी निजी क्षेत्रलाई विस्तारका लागि प्रोत्साहित गर्न पूर्वानुमानयोग्य नीति वातावरण अपरिहार्य छ ।

भन्सार तथा कर संरचनाको युक्तिकरण पनि अहिलेको अर्को महत्वपूर्ण आवश्यकता हो । कतिपय अवस्थामा कच्चा पदार्थभन्दा तयारी वस्तुमा कम भन्सार दर हुँदा स्वदेशी उद्योग नै प्रभावित भएका छन् । यसले उत्पादनमूलक उद्योगको प्रतिस्पर्धात्मक क्षमता कमजोर बनाएको छ। त्यसैले कर संरचना पुनरवलोकन गरी स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्ने र उद्योगमैत्री कर प्रणाली लागू गर्न आवश्यक देखिन्छ। त्यस्तै, भ्याट प्रणालीलाई पनि फराकिलो आधारसहित बहुदर प्रणालीमा लैजानुपर्ने बहस बढ्दै गएको छ । अहिलेको एकल दर प्रणालीले कतिपय अत्यावश्यक र विलासी वस्तुलाई समान व्यवहार गरेको गुनासो छ। यदि व्यापक अध्ययनसहित बहुभ्याट दर प्रणाली लागू गर्न सकियो भने कर प्रणालीलाई अझ न्यायपूर्ण र प्रभावकारी बनाउन सकिन्छ ।

पूर्वाधार आयोजनाको समयमै सम्पन्नता पनि अर्थतन्त्र चलायमान बनाउन अत्यन्त आवश्यक विषय हो । नेपालमा ठूला सडक, ऊर्जा, सिँचाइ, प्रसारण लाइन र शहरी पूर्वाधार आयोजना वर्षौंसम्म अधुरो रहने समस्या पुरानै हो । यसले लागत बढाउने मात्र होइन, निजी क्षेत्रको उत्पादकत्व र लगानी विस्तारमा पनि प्रत्यक्ष असर पार्छ। आगामी बजेटले नयाँ आयोजना घोषणा गर्नेभन्दा निर्माणाधीन परियोजना सम्पन्न गर्न प्राथमिकता दिनुपर्छ। विशेषत: औद्योगिक करिडोर, ऊर्जा पूर्वाधार, सडक सञ्जाल र डिजिटल पूर्वाधारलाई तीव्र गतिमा अघि बढाउन सके आर्थिक गतिविधिमा सकारात्मक प्रभाव देखिन सक्छ ।

सरकारले दीर्घकालीन लगानी योजनाबारे स्पष्ट दृष्टिकोण सार्वजनिक गर्नु पनि अहिलेको आवश्यकता हो । नेपालमा जलविद्युत्, पर्यटन, सूचना प्रविधि, कृषि प्रशोधन, खानी तथा पूर्वाधार क्षेत्रमा ठूलो सम्भावना भए पनि दीर्घकालीन राष्ट्रिय लगानी रणनीति स्पष्ट देखिएको छैन । निजी क्षेत्र र विदेशी लगानीकर्ताले आगामी १०-२० वर्षको आर्थिक दिशाबारे स्पष्ट संकेत खोजिरहेका छन् । त्यसैले आगामी बजेटले कुन क्षेत्रमा राज्यको प्राथमिकता रहने, कुन क्षेत्रमा निजी लगानीलाई विशेष सहुलियत दिइने र कुन क्षेत्रलाई निर्यातमुखी बनाइने भन्ने स्पष्ट मार्गचित्र दिनुपर्छ ।

कृषि क्षेत्रमा अब केवल उत्पादन बढाउने नीतिभन्दा कृषि प्रशोधन र मूल्य अभिवृद्धितर्फ केन्द्रित रणनीति आवश्यक देखिन्छ। नेपालमा कृषि उत्पादन भए पनि प्रशोधन उद्योग कमजोर हुँदा किसानले उचित मूल्य पाउन सकेका छैनन् र आयातमा निर्भरता बढिरहेको छ। त्यसैले कृषि उत्पादनलाई उद्योगसँग जोड्ने, चिस्यान केन्द्र, भण्डारण, प्रशोधन उद्योग र निर्यात प्रणाली विकास गर्ने नीति आवश्यक छ । कृषि र उद्योग बीचको यो अन्तरसम्बन्ध बलियो बनाउन सके ग्रामीण रोजगारी, निर्यात र प्रभाव पर्न सक्छ। भ्रष्टाचार नियन्त्रण अभियानलाई सरकारले सकारात्मक आर्थिक सन्देश दिने ढंगले अघि बढाउन आवश्यक छ ।

साभार : क्यापिटल नेपाल

# राष्ट्रिय गौरवअन्तर्गत् राजमार्गका चार किसिमका चौडाईं



काठमाडौं/राष्ट्रिय गौरवअन्तर्गत् मध्यपहाडी राजमार्ग आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) विपरीत चार किसिमका चौडाई कायम भएका छन् । राजमार्गको डीपीआरअनुसार सडकको चौडाईं ७ देखि ९ मिटर कायम छ । तर, विभिन्न १० सडकखण्डमा ३.७५ मिटरदेखि ५.५० मिटरसम्म चौडाईं रहेको महालेखा परीक्षकको कार्यमूलक लेखापरीक्षणले देखाएको छ ।

कार्यालयले निर्माणाधीन सडकको चौडाईं कम्तिमा ७ मिटर हुनुपर्ने औंल्याएको छ । न्यून चौडाईंका सडकको स्तरोन्नति गर्ने कार्य नभएको प्रतिवेदनमा उल्लेख छ । अन्य निकायले निर्माण गरेको सडकखण्डको चौडाईं पनि राजमार्गको निर्धारित मापदण्डभन्दा न्यून रहेको देखिएको छ । आयोजनाबाट उक्त चौडाईंको सडकखण्डको स्तरोन्नति गरी राष्ट्रिय राजमार्गअनुरुप एकरुपता कायम गर्न सिफारिस गरेको छ ।

*३३ ठेक्का रुग्ण*

मध्यपहाडी आयोजनाअन्तर्गत् ठेक्का व्यवस्थापन भइ आव २०८१/०८२ मा निर्माण भइरहेको ६३ ठेक्काको कार्यान्वयन अवस्था अध्ययन गरेको थियो । त्यसरी अध्ययन गर्दा ३३ ठेक्कामा सम्झौताअनुसार कार्य नभइ रुग्ण तथा न्यून प्रगति भएको अवस्था प्रतिवेदनमा उल्लेख छ । रुग्ण तथा न्यून प्रगति भएका ठेक्काको सम्बन्धमा मध्यपहाडी राजमार्ग निर्देशनालयसँग छलफल हुँदा लागत अनुमानभन्दा ४० प्रतिशत् र सोभन्दा बढी न्यून अंकमा ठेक्का कबुल गरेको तथा निर्माण व्यवसायीले सम्झौताअनुसार समयमा काम नगरी छाडेर ठेक्का अलपत्र पार्ने गरेको जवाफ दिएको छ । निर्माण कार्य सम्पन्न नहुँदा आयोजनाको समग्र प्रगतिमा असर परेको प्रतिवेदनमा उल्लेख छ । सम्झौता अन्त्य गरेको ठेक्काको बाँकी कार्य गर्न लाग्ने रकम निर्धारण तथा यस वर्षसम्म निर्माण कार्यको पुन: ठेक्का सम्झौता भएको देखिएको छैन ।

सार्वजनिक खरिद ऐन तथा निर्माण व्यवसायीसँगको सम्झौताअनुसार कारबाही गरी बाँकी निर्माण कार्य सम्पन्न गराउनुपर्ने व्यवस्था छ । रुग्ण ठेक्का र सम्झौता अन्त्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम कार्य पूरा नगरेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरे सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ । सोही दफाको उपदफा ८ मा उपदफा ७ अनुसार सम्झौता अन्त्य भए सो कामबापत् राखिएको पूरै जमानत जफत गरी सम्झौताबमोजिम बाँकी रहेको काम पूरा गर्न जेजति रकम आवश्यक पर्छ, सो रकम त्यसरी सम्झौताबमोजिम काम नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गर्ने व्यवस्था छ । दफा ६३ बमोजिम कालोसूचीमा राखी सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउने गरिन्छ ।

*खरिद प्रक्रियामा अवरोध*

महालेखा परीक्षकको कार्यालयले आयोजनालाई सहजरुपमा अघि बढाउन अन्तर्निकाय समन्वयमा जोड दिएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभइ, निर्माणस्थलमा रहेको रुखबिरुवा तथा संरचना हटाउने सुनिश्चितता नभइ, मुआब्जा तथा क्षतिपूर्ति तिर्नुपर्नेमा त्यसको लागि बजेटको सुनिश्चितता नगरी, कानुनबमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराइ बोलपत्र गर्न नहुने व्यवस्था छ । योजना कार्यालय गोरखाअन्तर्गत् धादिङको कटुञ्जे–आरुघाट २९ किलोमिटर सडकखण्ड निर्माणका लागि १ अर्ब ८७ करोड लागत अनुमानसहित सूचना प्रकाशन गरी प्राविधिक मूल्यांकन सम्पन्न भएको र उक्त सडकखण्ड बुढीगण्डकी जलविद्युत् आयोजनाको डुबान क्षेत्रमा परेकाले आर्थिक प्रस्ताव खोल्नेलगायत ठेक्का प्रक्रिया रोकिएको निर्देशनालयले जनाएको छ । डुबान क्षेत्रमा परेको सडक निर्माण कार्यको वैकल्पिक रेखांकन सम्बन्धमा अध्ययन नभएकाले निर्माण अवरुद्ध छ । सरोकारवाला तथा अन्तर्निकाय समन्वय कायम गरी अवरुद्ध निर्माण कार्य सुचारु गर्नुपर्नेछ ।


*बढी म्याद थप*

आयोजनाको म्याद थप भएका ठेक्कामध्ये ४७ ठेक्काको म्याद थपसम्बन्धि विवरण महालेखा परीक्षकको समूहले विश्लेषण गर्दा ६ ठेक्काको सुरु सम्झौताको ५० प्रतिशत्सम्म थप गरिएको पाएको छ । बाँकी ४१ ठेक्कामा सुरु सम्झौताको ५१ प्रतिशत् बढी म्याद थपिएको छ । सुरु सम्झौताभन्दा बढी अवधि थप भइ ठेक्का समाप्त भएका ठेक्काको काम समयमा सम्पन्न नहुँदा लागत बढेको छ । महालेखाले वस्तुनिष्ठ आधारमा आयोजनाका समय र लागत निर्धारण गरी ठेक्का व्यवस्थापन गर्नुका साथै निर्धारित समय र लागतमा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा जोड दिएको छ । म्याद थप सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२० (१) मा उल्लेख छ । जसअनुसार काबुबाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौता अवधि बढाउनुपर्ने भए सम्झौताप्राप्त गर्ने व्यक्तिको निवेदनको आधारमा अधिकारप्राप्त अधिकारीले कारण खुलाइ म्याद थप गर्न सक्नेछ ।

नेपालको मध्यपहाडी भुभागका जिल्लालाई यातायातसञ्जालमा जोडी उक्त क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय र शैक्षिकलगायत समग्र क्षेत्रको सन्तुलित विकास गर्ने अभिप्रायले पुष्पलाल (मध्यपहाडी) लोकमार्गको निर्माण २०६४/०६५ देखि सुरु भएको हो । सुरुमा २०७४/०७५ सम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको लोकमार्गको लम्बाइ पूर्वमा पाँचथर जिल्लाको चिवा भञ्ज्याङदेखि पश्चिममा बैतडी जिल्लाको झुलाघाटसम्म १ हजार ७ सय ७६ किलोमिटर थियो । विभिन्न समयमा रेखांकन परिवर्तन हुँदै हाल १ हजार ८ सय ७९ किलोमिटर कायम भएको छ । सरकारले २०६९/०७० देखि आयोजनालाई राष्ट्रिय गौरवको आयोजना घोषणा गरेको हो । लोकमार्गको सुरु लागत अनुमान ३३ अर्ब ३६ करोड रहेकोमा संशोधित लागत ८४ अर्ब ३३ करोड छ ।

महालेखा परीक्षकको कार्यालयले पर्याप्त पूर्वतयारी नभइ आयोजना कार्यान्वयन हुनु, कार्यतालिकापालना नहुनु, स्थानीय अवरोध तथा विवाद समयमै समाधान गर्न नसक्नु, बारम्बार म्याद थप हुनु आयोजनाको कमजोर पक्षका रुपमा उल्लेख गरेको छ । अन्तर्निकाय समन्वय कमजोर हुनु, राष्ट्रिय निकुञ्ज तथा वनक्षेत्रमा रेखांकनको टुंगो नहुनुलगायत समस्या र कारणले आयोजना निर्धारित अवधिमा सम्पन्न नभइ समय र लागतमा वृद्धि भएको अवस्था छ । आयोजनाको पर्याप्त पूर्वतयारी, अन्तर्निकाय समन्वय, आयोजनामा प्रभावित बासिन्दा तथा सरोकारवालासँग समन्वय तथा सहकार्य, खरिद सम्झौता तथा निर्माण कार्यतालिका कार्यान्वयन स्थितिको प्रभावकारी

# वीरगञ्जका मेयर विरुद्ध पक्राउ पुर्जी




वीरगञ्ज/जिल्ला अदालत पर्साले वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ । जेठ १ गते सरकारी वकिल कार्यालयले मेयर सिंहसहित ४ जनालाई अनुपस्थित जनाइ पर्सा जिल्ला अदालतमा मुद्धादायर गरेको थियो । सोही मुद्धाको अनुसन्धानका लागि पक्राउ पुर्जी जारी भएको अदालतले जनाएको छ ।

अर्काकी छोरीलाई नक्कली हस्ताक्षर गरी जन्मदर्ता, नागरिकता, राहदानी बनाएर लिखतसम्बन्धि कसुर गरेको आरोपमा दायर मुद्धामा पक्राउ पुर्जी जारी भएको जिल्ला अदालतले जनाएको हो । लिखतसम्बन्धि कसुरको मुद्धामा मुलुकी अपराध संहिता, २०७४ अनुसार कीर्ते कागजको दफा २७६ को उपदफा १, २ र ३ (ग) बमोजिम सरकारी वा सार्वजनिक लिखत कसुर गर्नेलाई सात वर्षसम्म कैद र सत्तरी हजार सम्म जरिवानाको मागदाबी गरिएको मुद्धामा ३५ दिने पक्राउ पुर्जी जारी गरिएको जिल्ला अदालतले जनाएको छ ।

लिखतसम्बन्धि कसुरमा मेयर सिंहसहित उनकी दोस्रो भनिएकी पत्नी, उनकी छोरी र पञ्जीकरण अधिकारीसमेतलाई प्रतिवादी बनाइ मुद्धा दायर भएको हो । तीनजना विरुद्ध पक्राउ पुर्जी जारी भएको छ । प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा सरकारी वकिल कार्यालयले मेयर सिंहविरुद्ध झुठा विवरण पेश गरी नागरिकता बनाई दिएको र लिखतसम्बन्धि कसुरमा २/२ वटा मुद्धा दायर भएको छ । मेयर सिंहले कीर्ते गरेर नागरिकता बनाई दिएको विषय २०८० पुसमा खुलासा भएको थियो । समाचार सार्वजनिक भएपछि विषयले व्यापक चर्चा पाए पनि मुद्धा दायर भएको थिएन ।

त्यसलाई आधार बनाउँदै मेयर सिंहले नै पत्रकारविरुद्ध लिखित बेइज्जती, गालीबेइज्जती तथा साइबर अपराधसम्बन्धि मुद्धा दायर गरेका थिए । पत्रकारले विगत डेढ वर्षदेखि विभिन्न मुद्धा खेप्दै आएका छन् ।

सरकारी वकिलका अनुसार वीरगञ्ज महानगरपालिका वडा–३, छपकैया निवासी लियाकत अलीले २०८० माघमा जिल्ला प्रहरी कार्यालय पर्सामा सरकारी कागजात कीर्ते र नागरिकता कीर्ते विषयमा उजुरी दिएका थिए ।

# महानायक हमालले बाँढे संघर्ष, सपना र सफलताका सूत्र




चितवन/न्यु क्यापिटल कलेजले आफ्नो स्थापनाको २५ औं वर्ष अर्थात् रजत जयन्तीको अवसरमा सञ्चालन गरिरहेको विशेष कार्यक्रम अन्तर्गत सोमबार महानायकसँग 'युगदेखि युगसम्म' पुस्तक केन्द्रित प्रेरणादायी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

रत्ननगर नगरपालिका–४ टाँडीस्थित कलेज परिसरमा आयोजित 'विद्यालयदेखि सिनेमा युगसम्म' विषयक विशेष संवादमा कलेजका प्राचार्य भूपेन्द्र धितालले महानायक राजेश हमालसँग सिनेमा, जीवन, संघर्ष, समाज र युवा पुस्ताको भूमिकालगायत विविध विषयमा संवाद गरेका थिए ।

अन्तरक्रियाका क्रममा हमालले विद्यार्थीहरूलाई आफूलाई अरूसँग तुलना नगर्न आग्रह गर्दै प्रत्येक व्यक्तिमा फरकफरक क्षमता र प्रतिभा हुने बताए । उनले आफ्नो क्षमता पहिचान गरी त्यसलाई निरन्तर मेहनत र समर्पणसँग जोड्न सके सफलता आफैं पछ्याउँदै आउने धारणा व्यक्त गरे ।

'तपाईंसँग कुनै न कुनै विशेष क्षमता हुन्छ, त्यसलाई पहिचान गरेर निरन्तर मेहनतका साथ अगाडि बढ्नुपर्छ उनले भने, 'यदि तपाईं आफ्नो क्षमताप्रति प्रतिबद्ध हुनुहुन्छ भने तपाईंका अभिभावकले पनि त्यसलाई अवश्य बुझ्नुहुनेछ ।

उनले कार्यक्रममा उपस्थित अभिभावकलाई आफ्ना सन्तानको चाहना, रुचि र मनोभावना बुझ्न आग्रह गर्दै प्रत्येक बालबालिकाको प्रतिभा र सोच फरक हुने उल्लेख गरे । शिक्षाको महत्वमाथि जोड दिँदै उनले अनुशासन, निरन्तर अभ्यास र मेहनतले व्यक्तिलाई जीवनको शिखरसम्म पुऱ्याउन सक्ने बताए ।

कार्यक्रममा उनले आफ्नो अभिनय यात्राको सङ्घर्षपूर्ण कथा पनि सुनाए । परिवारको चाहनाभन्दा फरक बाटो रोजेर सपनाको पछि लाग्दा भोगेका चुनौती र सफलताका अनुभव सुनाउँदै उनले विद्यार्थीहरूलाई अध्ययनप्रति केन्द्रित हुन र शिक्षालाई जीवन निर्माणको सबैभन्दा बलियो आधार बनाउन आग्रह गरे ।

# कसले जित्ला फिफा विश्वकप २०२६ ? यी हुन मुख्य दाबेदार

काठमाडौं/फुटबलको मात्र नभएर विश्वमै धेरै चर्चा गरिने र हेरिने खेल मेलाको रुपमा रहेको फिफा विश्वकप २०२६ सुरु हुन अब दुई साता र केही दिन मात्र बाँकी छ ।

उत्तर अमेरिकाको तीन राष्ट्र अमेरिका, मेक्सिको र क्यानडामा संयुक्तरुपमा आयोजना हुने विश्वकप फुटबलको २३औं संस्करण जुन ११ देखि सुरु हुँदैछ ।

अहिलेसम्मकै सबैभन्दा धेरै ४८ टिमले प्रतिस्पर्धा गर्ने विश्वकप फुटबल कस्तो होला ? कुन टिमले उपाधि जित्ला भन्ने चासो र कौतुहलता धेरैलाई छ । हरेक चार–चार वर्षमा आयोजना हुने विश्वकप फुटबल नजिँदै जाँदा कुन टिमले विश्वकप जित्ला, कुन टिमले अप्रत्याशित नतिजा ल्याउने भन्ने जिज्ञासा सबैमा हुन्छ । त्यसमा पनि कुन टिमले विश्वकप ट्रफी उठाउँछ भन्ने विषय सबैभन्दा मुख्य र सबैको साझा प्रश्नको रुपमा रहने गर्छ ।

यस पटक टिम संख्या थपिनु, तीन राष्ट्रमा आयोजना हुनु, अहिलेसम्मकै धेरै १०४ खेल हुनु र विश्व फुटबलकै सबैभन्दा ठुला केही स्टार खेलाडीहरूका लागि यो अन्तिम विश्वकप हुनुले यसको रौनक छुट्टै किसिमको छ । अहिलेसम्म कूल ८० राष्ट्रले विश्वकप खेल्दा ८ राष्ट्रले मात्र विश्वकप उपाधि जितेका छन् । त्यसमध्ये चार पटकको विजता इटाली यस पटक छनोट हुनै सकेन भने ७ पूर्व विजेताहरू यस पटक विश्वकप खेल्दैछन् । यी पूर्व विजेतासँगै अहिलेसम्म विश्वकप नजितेका केही टिमहरू पनि विश्वकप फुटबलमा उपाधिको दाबेदारको रुपमा देखिने गर्छन् ।

४८ टिमले प्रतिस्पर्धा गर्ने विश्वकपमा जुलाई १९ को फाइनलपछि विजेता टिमको छिनाफानो हुनेछ । विश्वकप जित्ने अन्तिममा एकै टिमले हो । तर अहिलेसम्म विश्वकपमा प्रदर्शन, विश्वकप छनोट चरणमा गरेको प्रदर्शन, खेलाडीहरूको प्रदर्शन हेर्दा केही टिमहरू फिफा विश्वकप २०२५ को मुख्य दाबेदारको रुपमा देखिएका छन् । त्यही दाबेदार टिमहरूको बारेमा यहाँ चर्चा गरिएको छ ।

पछिल्लो संस्करणहरूको प्रदर्शन र फ्रान्सेली टिममा अहिले भएका प्रतिभावान् खेलाडीहरू हेर्दा फ्रान्स विश्वकपको मुख्य दाबेदारको रुपमा छ । फ्रान्स पछिल्लो दुई संस्करणमा फाइनल पुग्दा २०१८ मा उपाधि नै जितेको थियो ।

# स्वास्थ्य बीमाको सर्भर किन धेरै डाउन ?

काठमाडौं/स्वास्थ्य बीमा बोर्डको सर्भरमा बारम्बार समस्या आउँदा विभिन्न अस्पतालमा उपचारका लागि पुगेका सेवाग्राहीले चरम सास्ती व्यहोर्नु परेको छ ।

सर्भर डाउन हुने र चलेको समयमा पनि अत्यन्तै सुस्त हुँदा टिकट काट्नेदेखि औषधि लिनेसम्मका काममा घण्टौं लाइनमा बस्नुपर्ने बाध्यता सेवाग्राहीको छ । स्वास्थ्य बीमा बोर्डकी कार्यकारी निर्देशक शकुन्तला प्रजापति स्वास्थ्य बीमा बोर्ड र सेवा प्रदायक अस्पतालहरूको सर्भर प्रणाली फरक परेका कारण बेलाबेलामा यस्ता गुनासो आउने गरेको बताउँछिन् ।

सेवा प्रदायक अस्पताल र स्वास्थ्य बीमा बोर्डको प्रणाली इन्टर-अपरेबल हुनुपर्ने तथा सबै भेन्डरको एउटै प्रणाली नभएका कारण यस्तो भएको उनले बताइन् । स्वास्थ्य बीमा बोर्डमा आबद्ध सबै सेवा प्रदायकको आ–आफ्नो सफ्टवेयर भएकाले बेलाबेलामा यस्तो हुने उनले जानकारी दिइन् ।

स्वास्थ्य बीमा बोर्डका आइटी विज्ञ सुरेश सिंह तिंकरी कहिलेकाहीँ सर्भर डाउन हुनु स्वाभाविक भएको बताउँछन् । स्वास्थ्य बीमा सेवामा दैनिक ६५ देखि ७० हजारसम्म दाबी आउने गरेको उनले बताए । सबै अस्पतालमा एकै पटक सर्भर डाउनको समस्या विरलै हुने गरेको उनको भनाइ छ । सेवा प्रदायक निकायको आन्तरिक नेटवर्कको समस्याका कारण हुने सर्भर डाउनलाई पनि स्वास्थ्य बीमा बोर्डकै भन्ने गरिएकोले त्यो गलत भएको उनको दाबी छ ।

नेपालभरका ५ सयभन्दा बढी स्वास्थ्य संस्थामा स्वास्थ्य बीमा सेवा लागू भएकोमा ४ सयभन्दा बढी अस्पतालमा स्वास्थ्य बीमा बोर्डको सफ्टवेयर लिङ्क प्रदान गरिएको छ । जसमा मिडास, डल्फिन लगायतका विभिन्न कम्पनीका सफ्टवेयरहरू रहेका छन् । सबै प्रकारका सफ्टवेयरमा एकरूपता नभएकाले पनि बेलाबखत सर्भर डाउनको समस्या आउने गरेको उनले प्रष्ट पारे ।

स्वास्थ्य बीमा बोर्डको सर्भर कहिलेकाहीँ डाउन भए पनि ३–४ मिनेटमा नै चल्ने उनको दाबी छ । बीमा बोर्डले सर्भरसम्बन्धी काम भइरहेको समयमा सर्भर डाउन हुन सक्ने पूर्ववत् सूचना दिने गरेको उनले बताए ।

## स्कुटर हरायो

मिति २०८२ माघ १८ गते रातको करिव ११ बजेको समयमा हेटौंडा–८ कमानेस्थित घरको कम्पाउण्डभित्र पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको स्कुटर हराएको हुनाले पाउनु हुने वा देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल दिइएको ठेगाना वा सम्पर्क नम्बरमा जानकारी गराई दिनु भएमा उचित पुरस्कार टक्र्याउनेछु ।

**सवारी धनीको नाम** : बालकृष्ण बतौला
**ठेगाना** : भैसे–२, मकवानपुर
**सवारी नं.** : बा.प्र.०३–००६प.०२९५ (कालो/रातो टिभिएस एण्टर्क)
**च्यासिस नम्बर** : MD626BK32R2D06138
**इञ्जिन नम्बर** : AK3DR2713587
**सम्पर्क नम्बर** : ९८५५०७२८९१


## नि:शुल्क नेल आर्ट तालिम सूचना

हेटौंडा उपमहानगरपालिका २ नं. वडा कार्यालयको लागि आ.व.२०८२/०८३ मा विनियोजित वडा कार्यालयको विविध कार्यक्रम खर्च वडाको निर्णयानुसार खर्च शिर्षक २२५२९ मा विनियोजित भएको रकममध्येबाट २० जनालाई **१० दिने नेल आर्ट तालिम** सञ्चालन गर्ने भएकोले तपशिलबमोजिमको योग्यता पुगेका यस वडाबासी महिला, विशेष अवस्थाका व्यक्ति तथा विपन्न एंवम पछाडि पारेका समूहलाई तल उल्लेखित स्थानमा मिति २०८३ जेठ १८ गतेसम्म फोटो, नागरिकताको प्रतिलिपी तथा शैक्षिक योग्यतासम्बन्धि कागजपत्रको प्रतिलिपीसहित दरखास्त आह्वान गरिन्छ ।

**न्यूनतम आवश्यकता योग्यता** :
- १६ वर्ष पुरा भएको नेपाली नागरिक हुनुपर्ने ।
- पाठ्यक्रमले तोकेबमोजिम शैक्षिक योग्यता हुनुपर्ने ।
- पेसागत कार्य प्रकृतिको आधारमा काम गर्न सक्ने हुनुपर्ने
- सम्बन्धित विषयमा पहिले तालिम नलिएकोलाई प्राथमिकता दिइने ।

**थप जानकारीको लागि**

तालिम प्रदायक संस्थाको नाम : **ललित्य सेवा प्रतिष्ठान**
तालिम हुने स्थान : हेटौंडा–२, मकवानपुर
आवेदन फारम पाइने स्थान : २ नं. वडा कार्यालय ।



## सार्वजनिक सुनुवाई बारेको सूचना

बागमती प्रदेश, मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका, वडा नं. ४ मा **सि.एम.सि. हेटौंडा हस्पिटल लि.** द्वारा १०० शैय्या क्षमतामा अस्पताल स्थानान्तरणको लागि निर्माण तथा सञ्चालन गर्ने उद्देश्य रहेको प्रस्तावको बागमती प्रदेश वातावरण संरक्षण ऐनको २०७७ को प्रयोजनार्थ प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदन तयारीका क्रममा सार्वजनिक सुनुवाई कार्यक्रम अस्पताल प्रस्ताव गरिएको स्थलमा मिति २०८३ जेठ १४ गते बिहीबारका दिन दिउंसो १:३० बजे सरोकारवालाहरुको उपस्थितिमा हुन गईरहेकोले उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**आयोजक** :
**सि.एम.सि. हेटौंडा हस्पिटल लि.**
हेटौंडा उपमानगरपालिका–११, मकवानपुर ।

## सार्वजनिक सुनुवाई बारेको सूचना

बागमती प्रदेश, मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका, वडा नं. ११ मा **सि.एम.सि हेटौंडा हस्पिटल लि.** द्वारा २५ शैय्या क्षमतामा सञ्चालनरत अस्पताल नविकरण गर्ने उद्देश्य रहेको प्रस्तावको बागमती प्रदेश वातावरण संरक्षण ऐनको २०७७ को प्रयोजनार्थ संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीका क्रममा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनरत अस्पतालको बैठक हलमा मिति २०८३ जेठ १४ गते बिहीबारका दिन बिहान १०:३० बजे सरोकारवालाहरुको उपस्थितिमा हुन गईरहेकोले उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**आयोजक** :
**सि.एम.सि. हेटौंडा हस्पिटल लि.**
हेटौंडा उपमानगरपालिका–११, मकवानपुर ।










## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईंको मुल्यमा पाउनु हुनेछ । स्थानः रातोमाटे भोर्ले ।
**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

# बागमतीमा 'पहिले मर्मत, त्यसपछि निर्माण'



सन्देश संवाददाता

हेटौंडा/मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ नेतृत्वको बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। प्रदेशसभाको मंगलबार बसेको बैठकमा प्रदेश प्रमुख दीपकप्रसाद देबकोटाले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन्। सरकारले आगामी वर्ष नयाँ सडकको ट्र्याक नखोल्ने रणनीति लिएको छ। सरकारले आगामी आर्थिक वर्षका लागि दीगो पूर्वाधार विकासमा मर्मतसम्भारलाई प्राथमिकतामा राखेको छ।

सरकारको सार्वजनिक नीति तथा कार्यक्रममा सरकारले नयाँ निर्माण भन्दा पनि पुराना आयोजना व्यवस्थामा अग्रसरता देखाएको छ। नीतिमा नयाँ योजनाहरु थप्नुभन्दा पुराना संरचना संरक्षण र अधुरा आयोजना पूरा गर्ने रणनीति सरकारले लिइएको जनाइएको छ। पूर्वाधार विकासमा सरकारले 'पहिले मर्मत, त्यसपछि निर्माण' को नीति लिएको छ। जसअनुसार सरकारले आगामी वर्ष सडक र पुलहरुको नियमित मर्मतसम्भारलाई प्राथमिकता दिने भएको हो। सरकारले अति-आवश्यकबाहेक आगामी वर्ष कुनै नयाँ सडकको ट्र्याक नखोलिने घोषणा गरेको छ।

सरकारले प्रदेश लोकमार्ग निर्माणलाई तीव्रता दिने, प्रदेशका सबै स्थानीय तहका केन्द्रलाई बाह्रै महिना चल्ने पक्की सडकले जोड्ने कार्यक्रमलाई प्राथमिकता भएको छ। ठूला पूर्वाधार आयोजना निर्माण गर्दा जलवायु उत्थानशील र अपांगमैत्री डिजाइन अनिवार्य गर्ने, सडक सुरक्षाका लागि कडा मापदण्ड लागु गर्दै विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गर्ने नीति सरकारको छ। पारदर्शी, उत्तरदायी र प्रविधिमैत्री सेवाप्रवाहलाई प्राथमिकतामा राख्दै सार्वजनिक खर्च न्यूनीकरण गर्ने नीति अघि सारिएको छ। कृषिक्षेत्रको आधुनिकीकरण, उत्पादन वृद्धि र रोजगारी सिर्जनालाई विशेष प्राथमिकता दिइएको छ।

नीति तथा कार्यक्रममा नागरिकलाई सहज र सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने, शिक्षाक्षेत्रको गुणस्तर सुधार गर्ने तथा प्रशासनिक प्रणालीलाई थप प्रभावकारी बनाउने लक्ष्य उल्लेख छ। प्रदेश सरकारले डिजिटल प्रविधिको प्रयोगमार्फत् सेवाप्रवाहलाई सरल र छरितो बनाउने, विकास आयोजनाको प्रभावकारिता बढाउने तथा सुशासन प्रवर्द्धन गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेको छ।

प्रदेश सरकारले प्रशासनिक खर्च कटौती र कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रदेशका मन्त्रालयको संख्या ८ मा सीमित गर्ने भएको छ। नीति तथा कार्यक्रममा सरकारले कार्य प्रकृति र कार्यक्षेत्रका आधारमा मन्त्रालयहरुको पुनर्संरचना गरी दरबन्दी स्वीकृत गर्ने घोषणा गरेको हो। सरकारले अनुत्पादक चालु खर्च कटौती गर्न हाल कायम रहेका मन्त्रालयहरुलाई आपसमा गाभ्ने र घटाउने नीति लिएको छ। सरकारी संयन्त्रलाई सानो र छरितो बनाउने गरी सरकारले औचित्य पुष्टि हुन नसकेका अन्य सरकारी संरचना र निकायलाईसमेत खारेज गर्ने उल्लेख छ।

नागरिकका समस्या, गुनासो र उजुरीलाई तत्काल सम्बोधन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा 'हेलो सीएम डेस्क' स्थापना गरिनेछ। प्रदेशबासी र सरकारबीच प्रत्यक्ष संवादलाई बढावा दिने र सार्वजनिक सेवाप्रवाहमा उत्तरदायित्व सुनिश्चित गर्न डेस्क सञ्चालनको तयारी गरिएको हो। प्रशासनिक प्रणालीलाई चरण-बद्धरुपमा पूर्ण डिजिटल बनाउन सरकारले डिजिटल ट्रान्सफर्मेसन कार्ययोजना तयार गर्नेछ। सरकारी सेवालाई सरल र नागरिकमैत्री बनाउन बागमती प्रदेश मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम सञ्चालन गरिनेछ। यातायात कार्यालयहरुमा अनलाइन सेवा र अटोमेटिक ड्राइभिङ टेष्ट जस्ता प्रविधि प्रयोगलाई व्यापक बनाइनेछ।

भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अपनाउँदै सरकारले प्रादेशिक रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने भएको जनाईएको छ। आन्तरिक नियन्त्रण प्रणाली र संस्थागत् अनुगमनलाई सुदृढ बनाउँदै प्रशासनिक पारदर्शितालाई कडाइसाथ लागु गरिने नीतिमा उल्लेख छ। प्रदेश लोकसेवा आयोग र प्रदेश किताबखानालाई संस्थागत्रुपमा सुदृढ गरिनेछ। प्रदेश निजामती र स्थानीय सेवामा कार्यरत् कर्मचारीका लागि योगदानमा आधारित निवृत्तिभरण (पेन्सन) कोष स्थापना गर्न कानुनी व्यवस्था गरिने छ।

प्रादेशिक राजधानी हेटौंडालाई व्यवस्थित बनाउन बृहत्तर हेटौंडाको अवधारणा ल्याइएको छ। जसअन्तर्गत् साइकल लेनसहित पैदलयात्रीमैत्री सडक, एकीकृत प्रशासनिक भवन र प्रदेशसभा भवन निर्माण, नदी करिडोर विकास र प्रादेशिक सांस्कृतिक ग्राम निर्माण प्राथमिकतामा छ। प्रदेशका उदीयमान बजार केन्द्रहरुलाई योजनाबद्धरुपमा विकास गरिनेछ। एकीकृत फोहोर मैला व्यवस्थापन र सुरक्षित आवास निर्माणलाई प्राथमिकतामा राखिएको छ।

खेलकुद पूर्वाधार विकास र खेलाडीको प्रोत्साहनलाई विशेष प्राथमिकता दिएको छ। निर्माणाधीन ठूला रंगशालालाई समयमै सम्पन्न गर्ने र खेलकुदलाई पर्यटनसँग जोड्ने लक्ष्य लिइएको छ। खेलकुद क्षेत्रको विकासका लागि प्रदेश सरकारले ३ वटा ठूला आयोजना समयमै सम्पन्न गर्ने लक्ष्य राखेको छ। चितवनको भरतपुरमा निर्माणाधीन गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, ललितपुरमा निर्माणाधीन गोदावरी रंगशाला र हेटौंडाको गौरीटार अन्तर्राष्ट्रिय खेलकुद पूर्वाधारलाई सरकारले प्राथमिकतासाथ अघि बढाएको छ।

प्रदेश सरकारले स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिएको छ। स्वास्थ्य संस्थामा विशिष्टीकृत सेवामा नागरिकको पहुँच बढाउने सरकारको लक्ष्य रहेको नीति तथा कार्यक्रममा उल्लेख छ। उपचार अभावमा कोही प्रदेशबासी दु:खी हुनु नपरोस् भन्ने मूल मर्मलाई आत्मसात् गरिएको जनाइएको छ। आगामी वर्षदेखि प्रदेशमा डिजिटल स्वास्थ्य प्रणाली, दुरचिकित्सा (टेलिमेडिसिन) र विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गरिने छ। नागरिकले घरमै बसेर स्वास्थ्य परामर्श लिन सक्ने र अस्पतालमा लाइन लाग्नुपर्ने झण्झट कम गर्न सरकारी अस्पताललाई प्रविधिमैत्री बनाउँदै एकीकृत मेडिकल रेकर्ड र अनलाइन सेवाप्रणालीमा जोड्ने, दुर्गम क्षेत्रका जोखिमयुक्त गर्भवती तथा सुत्केरीको ज्यान जोगाउन नि:शुल्क हवाइ उद्धार कार्यक्रमलाई निरन्तरता दिने सरकारी नीति छ। मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाको पहुँच विस्तार गरी बाल र मातृ मृत्युदरलगायतका समस्या घटाउने लक्ष्य छ।

प्रादेशिक अस्पतालहरुमा क्यान्सर, मुटुरोग, मानसिक स्वास्थ्य र डायलासिस सेवाको पहुँचमा अभिवृद्धि गरिनेछ भने जलनको उपचार, कृत्रिम गर्भाधान र विशेषज्ञ आँखासेवा विकास र विस्तारलाई नीति तथा कार्यक्रममा समेटिएको छ। एलोपेथिक र आयुर्वेद चिकित्सालाई एकीकृत गरी स्वास्थ्य सेवाप्रवाह गर्ने र स्वास्थ्य पर्यटनलाई प्रोत्साहन गर्ने योजना ल्याइने सरकारी घोषणा छ।

आधुनिक जीवनशैलीका कारण बढ्दो डर, चिन्ता, डिप्रेसन र तनाव जस्ता मानसिक समस्या सम्बोधन गर्न प्रादेशिक राजधानी हेटौंडामा प्रदेश गौरवको आयोजनाका रुपमा आ-रोग्य केन्द्र स्थापना, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको संस्थागत् सुदृढीकरण गरी विशेषज्ञ जनशक्ति उत्पादनमा जोड, बागमती विश्व-विद्यालयलाई विशिष्टीकृत प्राविधिक विश्वविद्यालयका रुपमा रुपान्तरण गरिने नीति सरकारको छ।

सुरक्षित र गुणस्तरीय खानेपानीको पहुँच विस्तार गरी पानीजन्य रोगहरु न्यूनीकरण गर्ने, महिला तथा बाल- बालिकामाथि हुने हिंसाविरुद्ध द्रुत उद्धार र मनोसामाजिक परामर्श सेवा विस्तार गर्ने, सरकारी सेवा र भौतिक पूर्वाधारलाई अपांगतामैत्री र पहुँचयोग्य बनाइने, सडकआश्रित असहाय व्यक्तिको उद्धार र पुनर्स्थापनालाई निरन्तरता दिने सरकारी नीति छ।

# मेसीद्वारा आर्थिक साम्राज्यमा पनि 'गोल'

काठमाडौं/फुटबलको मैदानमा जादुमयी ड्रिबलिङ र सटिक फ्रिकिकले संसारलाई मन्त्रमुग्ध पार्ने लियोनेल मेसीले अब आर्थिक साम्राज्यमा पनि अर्को ऐतिहासिक 'गोल' गरेका छन्। मैदानभित्र मात्र होइन, मैदानबाहिर पनि आफ्नो व्यावसायिक कुशलता देखाउँदै आठ पटकका ब्यालोन डीओर विजेता मेसी आधिकारिकरुपमा अर्बपति क्लबमा सामेल भएका छन्।

ब्लुमबर्ग बिलियनेर्स इन्डेक्सको पछिल्लो प्रतिवेदनअनुसार फुटबलका यी जादुगरको कुल सम्पत्ति १ अर्ब डलर (१ बिलियन डलर) पार भएको छ। यस अभुतपूर्व सफलतासँगै उनी क्रिस्टियानो रोनाल्डो र डेभिड बेकहमपछि फुटबल इतिहासमै आफ्नै मेहनत र खेलको बलमा अर्बपति बन्ने तेस्रो खेलाडी बनेका छन्। जसले उनको खेलकौशल जत्तिकै व्यावसायिक दुरदर्शितालाई पनि प्रमाणित गर्छ। धेरैलाई लाग्न सक्छ, अर्बपति बन्न उनले कुनै ठुलो आर्थिक प्रलोभन हात पारेको होला भनेर। तर, यथार्थ बेग्लै छ।

सन् २०२३ मा साउदी अरेबियाको क्लबले अघि सारेको अर्बौंको विशाल प्रस्तावलाई सहज अस्वीकार गर्दै अमेरिकी क्लब इन्टर मायमी जाने उनको निर्णय खेल इतिहासकै सबभन्दा ठुलो मास्टर स्ट्रोक सावित भएको छ। साउदीको त्यो भारी रकमको अफरबिना नै मेसीले कसरी यो उचाई छोए त, रहस्य उनले गरेको नवीन र स्मार्ट सम्झौतामा लुकेको छ। मायमीसँगको सम्झौताअन्तर्गत् उनले आकर्षक क्लब तलबमात्र पाउँदैनन्, एप्पल टिभीको एमएलएस सिजन पास सब्सक्रिप्सन र विश्वविख्यात ब्राण्ड एडिडासको सामान बिक्रीबाट समेत सोझै निश्चित हिस्सा आफ्नो खल्तीमा पार्छन्। इन्टर मायमीका मालिक जर्ज मासका अनुसार मेसी अमेरिका ओर्लिएपछि स्ट्रिमिङ सेवा लिनेको संख्या रातारात दोब्बर भएको छ भने मेसीको वार्षिक आम्दानीमात्र ७ देखि ८ करोड डलर बीच छ।

यस विशाल आर्थिक साम्राज्यको जग भने मेसीले वर्षौंदेखि बगाएको पसिना नै हो। सन् २००७ देखि यता बार्सिलोना, पेरिस सेन्ट जर्मेन (पीएसजी) र इन्टर मायमीमा रहँदा उनले केवल तलब र बोनसबाट मात्र ७ सय मिलियन डलरभन्दा बढी कमाइसकेका छन्। यसबाहेक उनको आफ्नै एमएएस+ स्पोर्ट्स ड्रिंक जस्ता लाइफस्टाइल ब्राण्डहरु र स्पेनिस रियल स्टेटमा गरिएको सुरक्षित लगानीले उनको वित्तीय जगलाई अझ बलियो बनाएको छ।

कर, लगानीको प्रतिफल र व्यावसायिक प्रायोजनहरुलाई मिलाउँदा उनको सम्पत्तिले १ अर्ब डलरको जादुमयी आँकडा नाघेको हो। अचम्मको कुरा त के छ

भने, ३८ वर्ष उमेरमा पनि मैदानमा चम्किरहेका यी २०२२ का विश्वकप विजेताले भविष्यका लागि पनि बलियो योजना बुनेका छन्। खेलजीवनबाट सन्न्यास लिएपछि


बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, बागमती प्रदेश, नेपाल

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

सूचना प्रकाशित मिति: २०८३/०२/१३

यस मन्त्रालयको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार दुई पाग्रे सवारी (स्कुटर) र डेस्कटप कम्प्युटर सेट (All in One) को Supply and Delivery का लागि प्राविधिक स्पेसिफिकेशन र लागत इष्टिमेटबमोजिम कार्य गर्न इच्छुक फर्महरूका लागि निम्न शर्तको अधिनमा रही शिलबन्दी दरभाउपत्र आब्हवान गरिएको छ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | परिमाण | लागत रकम रू. | जमानत रकम | दस्तुर रू. |
|---|---|---|---|---|---|---|
| १ | MOALD/ GOODS/SQ/ 2082–83/01 | Supply and Delivery of Two (Wheeler-Scooter) | ४ | (मु.अ.करसहित) १०,३१,६००/- | २५,०००/- | १,०००/- |
| २ | MOALD/ GOODS/SQ/ 2082-83-02 | Supply, Delivery and Installation of Desktop Computer Set | १४ | १३,९७,२००/- | ३०,०००/- | १,०००/- |

दरभाउपत्र खरिद गर्न सक्ने अन्तिम मिति: २०८३/०२/१९, ५:०० बजेसम्म
दरभाउपत्र पेश गर्ने अन्तिम मिति : २०८३/०२/२०, १२:०० बजेसम्म
दरभाउपत्र खोल्ने मिति तथा समय : २०८३/०२/२०, २:०० बजे

**मुख्य शर्तहरू :**

१. दरभाउपत्र दस्तुर (फिर्ता नहुने) रु.१,०००/- कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडा, बागमती प्रदेश नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक हेटौंडाको राजस्व खाता नं. १३००१००२०२०१०००० मा जम्मा गरेको बैंक भौचर, व्यवसाय दर्ता प्रमाण पत्र प्रतिलिपि नवीकरणको इजाजतपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित सूचना प्रकाशित मितिले ७ दिनभित्र यस मन्त्रालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. सिलबन्दी दरभाउपत्र साथ तपशिलमा उल्लिखित जमानतबापतको रकम यस मन्त्रालयको कार्यालय कोड नं. ३१२००३२०१३ सहित राष्ट्रिय वाणिज्य बैंक हेटौंडाको धरौटी खाता नं. १३००१००२०२०३०००० मा जम्मा गरेको बैंक भौचर वा मान्यता प्राप्त बैंक/वित्तीय संस्थाबाट दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ (पचहत्तर) दिन अवधि कायम भएको बैंक जमानतपत्र (Bid Bond) संलग्न गर्नुपर्नेछ। थप जानकारीका लागि सम्पर्क: ९८४६९०९९३९ molmac.bagamati.gov.np वा कार्यालय समयभित्र मन्त्रालयमा सम्पर्क राख्नुहोला।


## विद्यार्थी यार्चागुम्बा खोज्न हिंडेपछि विद्यालय बन्द

सन्देश संवाददाता

मुगु/मुगुको मुगुमकर्मारोङ गाउँपालिकाका विद्यार्थी यार्सा गुम्बा खोज्न अभिभावकसँगै पाटन क्षेत्रतर्फ हिंडेपछि विद्यालय बन्द भएका छन्। यस क्षेत्रका स्थानीयको आम्दानीको प्रमुख स्रोत नै यार्सागुम्बा भएकाले यार्सा सिजय सुरु भएलगत्तै घरका बालबालिका पनि अभिभावकसँगै यार्सा खोज्न त्यस क्षेत्रतर्फ जाने गर्छन्। उक्त पालिकाका १२ वटा विद्यालयका विद्यार्थी यार्सागुम्बाका लागि पाटनतर्फ लागेका छन्।

मुगुमकर्मारोङ गाउँपालिकाको कार्यविधिअनुसार यार्सागुम्बा सडक निर्माणका लागि जेठ १६ गतेदेखि सामुदायिक वनक्षेत्रमा अनुमति दिइएको छ। बुद्ध नमुना माध्यमिक विद्यालयका प्रधानाध्यापक लग्न सिगं सेजुवालले जानकारी दिएअनुसार विद्यार्थी यार्सा संकलन गर्न हिंडपछि विद्यालय बन्द हुन गएको छ। यार्सागुम्बा संकलनका लागि १० वर्षका बालबालिकादेखि ६० वर्ष उमेर सम्मका मानिस बनक्षेत्रमा जाने गर्दछन्।

पालिकाका अध्यक्ष छिरिङ क्याप्नेलामाका अनुसार पालिकाका तल्लो बेसीका नेपाल राष्ट्रिय आधारभुत विद्यालय छायल, नेपाल राष्ट्रिय विद्यालय पुलु, चिमाथको आनन्द आधारभुत विद्यालय रित्तै भएको छ। जनकल्याण आधारभुत विद्यालय महका विद्यार्थी यार्चा संकलनका लागि हिंडेपछि विद्यालय खाली भएका हुन्। पालिकाको शिक्षा कार्यविधिअनुसार वर्षे बिदा जेठ ८ गतेबाट विद्यालयमा हुने भएकाले हाल पनि विद्यालयका ठूला कक्षाका छात्रछात्रा पनि जडिबुटी संकलनका लागि अभिभावकसँगै जाने गर्छन्। प्रारम्भिक बालविकासका बालबालिकाका लागिमात्र विद्यालय पठनपाठन भइरहेको अध्यक्ष लामाले बताए।

यहाँका स्थानीयको प्रमुख आम्दानीको स्रोत नै यार्चागुम्बा हो। कार्मारोङ गाउँपालिकाको सानोकोइकी, ठूलोकोइकी, रिमार, चाकु, लाहुटाङ, चेन्नु, गेमन पटान, केले लेके, छुन्दु, टेङडिङ, थामजाम सामुदायिक वनक्षेत्रमा यार्चागुम्बा संकलन गर्न अनुमति दिइएको छ। स्थानीय गुरु स्याप लामा भन्छन्- यार्चा सडक निर्माण गर्ने एक सिजनमा एकजनाले कम्तिमा पनि एकदेखि दुई लाखसम्म जम्मा गर्न सकिने हुनाले वर्षभरिका लागि आफ्नो आम्दानीको जोहो गर्न विद्यार्थी यार्सा संकलनमा जाने गर्दछन्। स्थानीय यार्सागुम्बा व्यापारी उर्गेन लामाले राम्रोखाले यार्चागुम्बाको मूल्य प्रतिगोटा पाँच सयदेखि सात सयसम्म पर्ने बताए। बुटिक प्रतीक १६ लाखदेखि १९ लाखसम्म पर्ने जान्छ। मुगु र डोल्पा सामुदायिक वनक्षेत्रबाट हरेक वर्ष १ सय ८० केजीसम्म यार्चागुम्बा उत्पादन हुने गरेको लामाले बताए।

पालिकाको कार्यविधिअनुसार जिल्लाभन्दा बाहिरका व्यक्ति र यार्सागुम्बा संकलनका लागि दुई हजार पाँच सय, जिल्लाभित्रका स्थानीय दुई हजार र राजस्व पालिकालाई बुझाउनुपर्छ। पालिकाको रेकर्डअनुसार यार्सा संकलन लागि यस मौसम मुगु र डोल्पा सामुदायिक वनक्षेत्रमा करिब छ हजार यार्सा संकलन गर्ने अनुमान गरिएको छ।

## हावाहुरीका कारण केराखेतीमा ठूलो क्षति

सन्देश संवाददाता

काठमाडौं/झापाको बाह्रदशी गाउँपालिकामा आएको भीषण हावाहुरी र वर्षाका कारण केराखेतीमा ठूलो क्षति पुगेको छ। विशेषगरि बाह्रदशी गाउँपालिका-७ स्थित बत्तीस बिघालगायत क्षेत्रमा व्यावसायिक रुपमा लगाइएको केराखेतीमा हावाहुरीले नोक्सान पुर्‍याएको हो।

स्थानीयका अनुसार करिब ६० बिघा क्षेत्रफलमा लगाइएका गरेको छ। यस प्राकृतिक विपद्बाट करिव ३ करोड बराबर आर्थिक क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ।

# 'नवोदय नमुना संयुक्त राष्ट्र संघ ०८३'




सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-४ स्थित नवोदय नमुना संयुक्त राष्ट्र संघको आयोजनामा यही जेठ १५, १६ र १७ गते 'नवोदय मुन-२०८३' आयोजना हुने भएको छ।

कार्यक्रमबारे जानकारी दिँदै आयोजकले यस वर्ष करिब २०० जना विद्यार्थीको सहभागिता रहने जनाएको छ।

मोडेल युनाइटेड नेसन्स (MUN) अर्थात् नमुना संयुक्त राष्ट्र संघ एक शैक्षिक गतिविधि हो, जसमा विद्यार्थीहरूले विभिन्न राष्ट्रका प्रतिनिधिहरुको भूमिका निर्वाह गर्दै विश्वव्यापी सामाजिक, आर्थिक, सुरक्षा तथा मानवअधिकार सँग सम्बन्धित विषयहरुमा व्यापक छलफल गर्नेछन्। कार्यक्रमले वास्तविक संयुक्त राष्ट्र संघको प्रक्रियालाई अनुकरण गर्दै सहभागीहरूलाई कूटनीति, अन्तर-ाष्ट्रिय सम्बन्ध, नेतृत्व तथा नीति निर्माणबारे व्यावहारिक अनुभव प्रदान गर्ने उद्देश्य राखेको आयोजकले जनाएको छ।

कार्यक्रमअन्तर्गत विभिन्न अन्तर्राष्ट्रिय निकायका समितिहरू गठन गरिएका छन्। World Health Organization अन्तर्गत "विश्वव्यापी द्वन्द्वको अवस्थामा महामारी सामना गर्ने तयारी र स्वास्थ्य प्रणालीलाई सशक्त बनाउने" विषयमा छलफल हुनेछ।

त्यसैगरी ग्लष्तभम Nations Security Council मा "राज्य-प्रायोजित साइबर सञ्चालन-हरूको प्रतिकार", UNESCO मा "विश्व शिक्षा प्रणालीमा कृत्रिम बुद्धिमत्ताको नैतिक समावेशीकरण", UNICEF मा "बालबालिकाको अधिकार र समान पहुँच", International Labour Organization मा "डिजिटल युगमा श्रमको नैतिक अभ्यास", United Nations Environment Programme मा "पर्यावरणीय सुशासन र दिगोपन", तथा United Nations Human Rights Council मा "युद्ध अपराध र मानव अधिकारसम्बन्धि जवाफदेहिता" विषयमा बहस गरिनेछ।

त्यसैगरी प्रतिनिधि सभा अन्तर्गत "नेपालमा लोकतान्त्रिक अधिकारको सुरक्षाका लागि समुदायको नेतृत्वमा शान्ति र वातावरण संरक्षणको सुदृढीकरण" विषयमा छलफल हुने जनाइएको आयोजकले जनाएको छ। आयोजकका अनुसार कार्यक्रमको मुख्य उद्देश्य विद्यार्थीहरूमा नेतृत्व क्षमता, समालोचनात्मक सोच, सहकार्य, वादविवाद कला तथा व्यक्तित्व विकास गर्नु रहेको छ।

तीन दिने कार्यक्रमअन्तर्गत दोस्रो दिन साँझ 'सोसल नाइट' पनि आयोजना गरिनेछ। साँझ ५:३० बजेदेखि ८ बजेसम्म सञ्चालन हुने उक्त कार्यक्रममा नृत्य, डिनर तथा अन्य मनोरञ्जनात्मक खालका गतिविधिहरु समावेश गरिने पत्रकार सम्मेलनमा जानकारी दिइयो।

कार्यक्रममा हेटौंडाका मकवानपुर बाल विद्या सदन, ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालय, जेम्स स्कुल, गौरीशिखर, जनप्रिय तथा कमाने एकेडेमीलगायत विद्यालयका विद्यार्थीहरुले सहभागिता जनाउने छन्। कार्यक्रममा मकवानपुर जिल्लालगायत छिमेकी जिल्ला चितवन, नवलपरासी, काठमाडौं, सर्लाही, कास्की र धरानबाटसमेत विद्यार्थीहरूले सहभागीता जनाउने भएको आयोजकले जनाएको छ।

कार्यक्रमका महासचिव वृष्टि जयसवालले मुन कार्यक्रमले विद्यार्थीहरूमा विश्व दृष्टिकोणको विकास गर्दै अन्तर्राष्ट्रिय मुद्दाप्रति सचेत र जिम्मेवार नागरिक बन्न विद्यार्थीहरुमा प्रेरित गर्ने विश्वास व्यक्त गर्दै हेटौंडाको कार्यक्रमले विद्यार्थीमा कोशेढुगा सावित हुने बताईन्।

*रास्वपा हेटौंडाको निर्वाचन सम्पन्न*

# सभापतिमा श्रेष्ठ निर्वाचित, जिल्लाभर अधिवेशन जारी



सन्देश संवाददाता

हेटौंडा/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) हेटौंडा उपमहानगरपालिका नगर समितिको सभापतिमा महेन्द्र श्रेष्ठ निर्वाचित भएका छन्। आइतबार सुरु भएको निर्वाचन प्रक्रिया सोमबार सम्पन्न भएपछि श्रेष्ठ सभापतिमा निर्वाचित भएका हुन्।

पार्टी विधानअनुसार सभापति पदमा निर्वाचित हुन कुल खसेको मतको ५१ प्रतिशत मत आवश्यक पर्ने व्यवस्था भएकोले आइतबार भएको पहिलो चरणको मतदानमा कुनै पनि उम्मेदवारले आवश्यक मत प्राप्त गर्न नसकेपछि पहिलो र दोस्रो स्थानमा रहेका उम्मेदवारबीच सोमबार पुन: मतदान गरिएको रास्वपा मकवान-पुरकी संगठन विभाग प्रमुख शान्ति थापा बिडारीले बताईन्। बिडारीका अनुसार पुन: मतदानमा श्रेष्ठले १७३ मत प्राप्त गर्दै विजयी भएका हुन। श्रेष्ठका प्रतिस्पर्धी ध्रुव विष्टले ११९ मत प्राप्त गरेका थिए।

त्यस्तै नगर उपसभापतिमा सागर लामिछाने, सचिवमा प्रेम लामिछाने तथा सह-सचिवमा नरहरी चौलागाईं निर्वाचित भएको बिडारीले जानकारी दिईन। बिडारीका अनुसार हेटौंडा नगर समितिमा चार पदाधिकारी र १५ सदस्यसहित १९ सदस्यीय कार्यसमिति रहनेछ। पार्टी विधानअनुसार थप दुई सदस्य भने सभापतिले पछि मनोनयन गर्ने व्यवस्था रहेको छ।

यसैगरी जिल्लाका अन्य पालिकाहरुमध्ये मनहरी गाउँपालिकामा आइतबार सम्पन्न अधिवेशन भने सर्वसम्मतरूपमा टुंगिएको बिडारीले जानकारी दिईन। उनका अनुसार मनहरी गाउँपालिका समितिको सभापतिमा गोविन्द सापकोटा चयन भएका छन् भने उपसभापतिमा पप्पु थापा, सचिवमा कृष्ण ढकाल तथा सह-सचिवमा नारायण मैनाली चयन भएको उनले जानकारी गराईन।

रास्वपा मकवानपुरले जिल्लाका अन्य पालिकाहरुमा पनि अधिवेशनलाई निरन्तरता दिएको जनाएको छ। संगठन विभाग प्रमुख बिडारीका अनुसार इन्द्रसरोवर गाउँपालिकामा १३ गते तथा थाहा नगरपालिकामा १४ गते अधिवेशन हुने कार्यक्रम तय भएको छ। आगामी १६ गतेभित्र मकवानपुरका सबै पालिकामा अधिवेशन सम्पन्न गर्ने तयारी पुरा भईसकेको उनले बताईन्।

# सरकार नयाँ भए पनि नीतिगत् निरन्तरता रहने

काठमाडौं/प्रधानमन्त्री बालेन्द्र शाहले वास्तविक र देखिने गरी नेपाली नागरिकको दैनिक जीवनस्तर उकास्न आफ्नो नेतृत्वको सरकार प्रतिबद्ध रहेको बताएका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मंगलबार काठमाडौं र नयाँदिल्लीस्थित युरोपेली संघ (ईयु) तथा यसका सदस्य राष्ट्रका राजदुत तथा काठमाडौंस्थित अन्य मुलुकका राजदुतहरुसँग भएको संयुक्त भेटवार्तामा प्रधानमन्त्री शाहले वर्तमान क्षणको अत्यावश्यकता र आफूहरुलाई सुम्पिएको गहन जिम्मेवारीको पूर्णरुपमा बोध गरिरहेको बताए।

उक्त भेटका क्रममा प्रधानमन्त्री शाहले नेपालमा हालै सम्पन्न निर्वाचन परिणामले सुशासन र समावेशी आर्थिक समृद्धिका लागि स्पष्ट तथा निर्णायक जनादेश दिएको र नयाँ सरकार गठन भए पनि नीतिगत् निरन्तरता रहने स्पष्ट पारेका छन्। नेपालको सुशासन र अर्थतन्त्रको समावेशी वृद्धिका लागि आ´नो नेतृत्वको सरकार प्रतिबद्ध रहेको उनले उल्लेख गरे। जनताका लागि नयाँ अवसर सिर्जना गर्न सरकार विश्वबजारबाट लाभान्वित हुन चाहेको, बृहत् लगानी आकर्षित गर्न प्रक्रियाहरुलाई थप सहज बनाउँदै नवप्रवर्तनलाई प्रोत्साहन र दीगो विकास हासिल गर्न प्रतिबद्ध रहेको प्रधानमन्त्री शाहले बताए। प्रधानमन्त्री शाहले नेपालले सन्तुलित एवम् व्यवहारिक विदेश नीतिको अवलम्बनलाई निरन्तरता दिने स्पष्ट पारे। सद्भाव र सहयोग पुर्‍याउँदै आएको स्पष्ट पार्दै प्रधानमन्त्री शाहले नेपालका सबै विकास साझेदार र मित्रराष्ट्रहरुप्रति आभार व्यक्त गरे।उनले व्यापार, लगानी, हरित ऊर्जा, जलवायु, पर्यटन तथा अन्य प्रमुख क्षेत्रमा सहकार्य गर्न र त्यसलाई अझ सुदृढ बनाउन नेपाल लागिपरेको स्पष्ट पारे।


**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

**सम्पर्क नम्बर** : ९८४५१२३३६६

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।

सदाभै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।






प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने